# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बुढीनन्दा नगरपालिका


### बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## बुढीनन्दा नगरपालिका
### बाजुरा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बुढीनन्दा नगरपालिका
## बाजुरा

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

## महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५६३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुढीनन्दा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बाजुरा ।

**कैफियत सहितको राय**

हामीले बुढीनन्दा नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ३२ लाख २३ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. २ लाख ९१ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ७५ लाख ५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९७ लाख ९० हजार र नियमित गर्नुपर्ने रु. ५६ लाख ३७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. १३ करोड ९८ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फछ्र्यौट एवं कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड ६८ लाख ५९ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्य अनुसार नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचार संहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बुढीनन्दा नगरपालिका, बाजुरा

## १. चालु वर्षको बेरुजू २०७८।७९

## १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८१ | ६७ | ३३२२३ | ० | ५ | २९१ | ८१ | ६२ | ३२९३२ | ७५०५ | ५६३७ | १९७९० | ० | ० | २५४२८ | ० |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण (रु. हजारमा)

| क्र.सं. | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | २५ | सामाजिक सुरक्षा दाखिला असूल | ५२ |
| २. | २७.२ | बढि भुक्तानी दाखिला असूल | १३ |
| ३. | १४.२ | पदाधिकारी सुविधा असूली | २२६ |
| जम्मा | | | २९१ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| बुढीनन्दा नगरपालिका, बाजुरा | १३९८९१ | ० | ५९६४ | १३३९२७ | ० | ३२९३२ | १६६८५९ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : बुढिनन्दा नगरपालिका, बाजुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्तोष कुमार शाह | २०७९-१०-८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | विश्वेश्वर प्रसाद ढकाल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,९३२,३५४.४६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ५,०६,१५,१३६.८९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,८१,८६,००० | **चालु खर्च** | २९,२८,५४,६५६.०५ |
| **प्रदेश सरकारबाट अनुदान** | १,८७,६१,००० | **पूँजीगत खर्च** | १३,७५,०९,४३९.४७ |
| **राजश्व बाँडफाँट** | ७,७५,०७,५२९.७६ | **वित्तीय/अन्य व्यवस्था** | १३,४८,६८,८४८.७ |
| **आन्तरिक आय** | २१,४७,६५४.५ | | |
| **अन्य आय** | ९,९६,७०,०७४.३५ | | |
| **कुल आय** | ५६,६२,७२,२५८.६१ | **कुल खर्च** | ५६,५२,३२,९४४.२२ |
| **बाँकी मौज्दात** | | ५,१६,५४,४५१.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, २३२.४८ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७४५ (राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार ) जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>महालेखापरीक्षकको बार्षिक लेखापरीक्षण योजना २०७९ अनुसार स्वीकृत भएको ईकाइगत लेखापरीक्षण योजना बमोजिम पालिकाले पेश गरेको आर्थिक विवरण, प्रगति प्रतिवेदन, लिखित प्रतिनिधित्व पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण तथा लेखापरीक्षणको अन्तराष्ट्रिय नीति, मानदण्ड तथा मार्गदर्शनलाई आधार मानी पालिकाको आर्थिक बर्ष २०७८।७९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ।सारभुत रुपमा उल्लेखित नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन। लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर पालिकाका सम्वन्धित पदाधिकारीहरु सँग मा छलफल भई कायम हुन आएका व्यहोराहरु निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br><br>लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा तथा संरक्षणतर्फ लाभग्राही नंम्वर दोहोरो पर्न गई एउटै व्यक्तिलाई दोहोरो निकासा भएको रु. १,७६,०८४।- असुली भई बेरुजु खातामा मिति २०७९।५।२९ मा दाखिला भएको छ । | |
| ४ | | | **आय व्यय र वित्तीय विवरणको विश्लेषण** | |
| ४.१ | | | **एकिकृत आय व्यय विवरण**: नगरपालिकाको आर्थिक बर्ष २०७८।७९ को आय व्यय विवरण देहायबमोजिम छ । | |

| आयतर्फ | | | ब्ययतर्फ | | |
| --- | --- | --- | --- | --- | --- |
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | गत बर्षको जिम्मेवारी | **५०६१५१३६.८९** | १ | चालु खर्च | **२९२८५४६५६.०५** |
| २ | राजस्व बाँडफाड वाट प्राप्त | **७९६५५१८४.२६** | २ | पुँजिगत खर्च | **१३७५०९४३९.४७** |
| | आन्तरिक | २१४७६५४.५० | ३ | अन्य खर्च | **१३४८६८८४८.७०** |
| | संघीय | ७२४३४७१५.४९ | | सामाजिक सुरक्षा | ८७८३७५३५.०० |
| | प्रदेश | ५०७२८१४.२७ | | स्थानीय तह प्रशासकीय भवन | ३३२३११८.९८ |
| ३ | संघीय अनुदान | **३६८१८६०००.००** | | गरिवसंग विश्वेश्वर | ४६४०००.०० |
| | समानीकरण | १११७०००००.०० | | कोष खर्च | १२१६८२३५.५१ |
| | सशर्त | २३९२८६०००.०० | | धरौटी फिर्ता | ९४६३३३.५८ |
| | समपुरक | ८९०००००.०० | | अनुदान फिर्ता | ३०१२९६२५.६३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | बिशेष | ८३०००००.०० | ४ | बैंक मौज्दात | **५१६५४४५१.२८** |
| ४ | प्रदेश अनुदान | **१८७६१०००.००** | | संचितकोष मौज्दात | ४४०९९८४३.०२ |
| | समानीकरण | ८११५०००.०० | | धरौटी खाता | ५५७४३११.६६ |
| | सशर्त | १००३०००.०० | | कोष मौज्दात | १९८०२९६.६० |
| | समपुरक | ६१४३०००.०० | | | |
| | बिशेष | ३५०००००.०० | | | |
| ५ | अन्य आय | **९९६७००७४.३५** | | | |
| | सामाजिक सुरक्षा | ८७८३७५३५.०० | | | |
| | स्थानीय तह प्रशासकीय भवन | ३३२३११८.९८ | | | |
| | गरिवसंग विश्वेश्वर | ४६४०००.०० | | | |
| | धरौटी | २५६९७०५.३७ | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td></td><td>कोषतर्फ</td><td>५४७५७१५.००</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>६१६८८७३९५.५०</td><td></td><td>जम्मा</td><td>६१६८८७३९५.५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा पालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले (SuTRA) मा सामाजिक सुरक्षा तथा संरक्षण र संघतर्फको अन्तरसरकारी अख्तियारीको रकम समावेश गरेको छैन । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सोको पुर्णरुपमा अद्यावधिक गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्रीको मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले कानुन एवं कार्यविधि निर्माण गरेतापनि सोको प्रभावकारी कार्यान्वयन गरेको छैन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टी-डि-एस गरेको पाइएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• राजश्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैङ्किङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंङ्क खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१६-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सि सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सि खाता अध्यावधिक गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाईएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन। शहरीकरण भैरहेका स्थानलाई मध्यनजरमा राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• मालसामसान वा सेवा खरिद वापतको भुक्तानी गर्दा रु. ५० हजार भन्दा बढीको रकम अनिवार्य रुपमा सम्वन्धित पार्टीको नाममा चेक जारी गर्नु पर्नेमा कतिपय कार्यालयकै कर्मचारीको नाममा भुक्तानी दिने गरेको देखियो ।<br>• कर्मचारीले एक पटक लिएको पेश्की फर्स्यौट नगरेको अवस्थामा पुन पेश्की दिने गरेको देखियो ।<br>• पालिकाले उपभोक्ता समितिसँग निर्माण कार्य तोकिएको समयमा कार्य सम्पन्न नगरेको अवस्थामा पुरानो गत बिगत बर्षको योजनाको रकम समेत यस आर्थिक बर्ष भुक्तानी दिएको ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६ | | | **बजेट, कार्यक्रम तथा योजना** | |
| ६.१ | | | **बजेट पेश, पारित र अख्तियारी**- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाको उप प्रमुख श्री सृष्टि रेग्मीले मिति २०७८/३/१० गते रु. ५१ करोड ६३ लाख २३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८/३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८/ ३/१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.२ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा | खर्च प्रतिशत बजेटको तुलनामा |
| --- | --- | --- | --- | --- | --- |
| १ | आर्थिक विकास | ४३३३२००० | ३५६२९६८५ | ८.१८ | ८२.२२ |
| २ | पूर्वाधार विकास | ११२८०५००० | ८२३७४७९८ | १८.९२ | ७३.०२ |
| ३ | सामाजिक विकास | २३५५६४००० | २१३०३७०१६ | ४८.९४ | ९०.४४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र</td><td>७७८८०००</td><td>७६४६८५०</td><td>१.७६</td><td>१९.१९</td></tr>
<tr><td>५</td><td>कार्यालय संचालन तथा प्रशासनिक</td><td>११६८३४३७९</td><td>९६६१७१६५</td><td>२२.१९</td><td>८२.७०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५१६३२३३७९</td><td>४३५३०५५१४</td><td>१००</td><td>८४.३०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले बिनियोजन गरेको बजेट वाट यस बर्ष भएको कुल खर्च मध्ये सबैभन्दा बढी खर्च सामाजिक विकासमा ४८.९४ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र १.७६ प्रतिशत रहेको छ । पालिकाले अन्य क्षेत्र भन्दा पुर्वाधार बिकासको क्षेत्रमा वजेट विनियोजन तथा खर्चलाई बृद्धी गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६.३</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><td>रु १ भन्दा कम</td><td>रु १ लाख देखि २ लाख भन्दा कम</td><td>रु २ लाखदेखि ५ लाख भन्दा कम</td><td>रु ५ लाख देखि १० लाख भन्दा कम</td><td>रु १०-५० लाख भन्दा कम</td><td>५० लाख भन्दा बढी</td><td>जम्मा</td></tr>
<tr><td>६९</td><td>१०४</td><td>७२</td><td>१९</td><td>२५</td><td>५</td><td>२९४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष १० हजार देखि ५० लाख सम्मका जम्मा २८९ वटा योजना संचालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ६९ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६.४</td><td></td><td></td><td>लक्ष्य प्रगति - पालिकाले स्वीकृत कार्यक्रम अनुसार लक्ष्य प्रगति हासिल गर्नुपर्दछ । पालिकावाट प्राप्त विवरण अनुसार यस बर्ष कुल ५४४ योजना मध्ये ५४ योजनामा शुन्य प्रगति, ६ योजनाको २५ प्रतिशत भन्दा घटी प्रगति प्रगति भएको देखिन्छ । पालिकाले स्वीकृत कार्यक्रम अनुसार प्रगति हासिल गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="5">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th>७५% भन्दा बढी प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>५४४</td><td>५४</td><td>६</td><td>२३</td><td>१९</td><td>४४२</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.५</td><td></td><td></td><td>खर्च बिश्लेषण - पालिकाको यसबर्ष कुल आन्तिरक आयबाट रु. २१ लाख ४७ हजार, राजस्व बाँडफाँड, अनुदान र गत बर्षको अल्या समेत रु. ५० करोड ९५ लाख ९३ हजार आम्दानी भएकोमा चालु तर्फ रु. २९ करोड २८ लाख ५४ हजार र पूँजिगत तर्फ रु. १३ करोड ७५ लाख ९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ९२ लाख ९० हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा पदाधिकारी सुबिधा खर्च ४३२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२ प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको र प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६.६</td><td></td><td></td><td>चौमासिक खर्च - पालिकाले चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td></tr>
<tr><td>चालु खर्चतर्फ</td><td>२९७७९६०७५</td><td>६४४०१२६०</td><td>६९९००१८३</td><td>१६३४९४६३१</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>१३७५०९४३९</td><td>१४८४६४२</td><td>५४९९१८८८</td><td>८१०३२९०७</td></tr>
<tr><td>जम्मा</td><td>४३५३०५५१४</td><td>६५८८५९०२</td><td>१२४८९२०७१</td><td>२४४५२७५३८</td></tr>
<tr><td>प्रतिशत</td><td>१००</td><td>१५.१४</td><td>२८.६९</td><td>५६.१७</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरण अनुसार बार्षिक रु. ४३ करोड ५३ लाख निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६ करोड ५८ लाख अर्थात १५.१४ प्रतिशत, दोश्रो चौमासिकमा रु. १२ करोड ४८ लाख, अर्थात २८.६९ प्रतिशत र तेश्रो चौमासिकमा रु. २४ करोड ४५ लाख, अर्थात ५६.१७ प्रतिशत खर्च गरेको देखिन्छ । पालिकाले आर्थिक बर्षको अन्तमा मात्र खर्च गर्ने कार्यमा नियन्त्रण गरी स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>६.७</td><td></td><td></td><td>
अनुत्पादक खर्च - पालिकाले आप्नो क्षेत्राधिकार भित्र वजेट वनाई खर्च गर्दा अधिकतम उत्पादकत्व दिने, आधारभुत शिक्षा तथा स्वास्थ्यको क्षेत्र तथा पुर्वाधार विकास मार्फत रोजगारी सृर्जना गर्ने क्षेत्रमा खर्च गरी तुलनात्मक लाभ लिन सक्नेगरी वजेट विनियोजन गर्नुपर्नेमा मठ मन्दिर निर्माण र स्मृती भवनमा ठुलो रकम खर्च गरेको छ । पालिकाले यस बर्ष पालिका पुँजिगततर्फ ५५ मठ मन्दिर र २ वटा स्मृती भवन निर्माण कार्यको लागि रु. ९४,२९,०००।- वजेट विनियोजन गरेकोमा रु. ८८,८४,३५०।- खर्च भएको छ । पालिकाले यस्तो प्रकृतिको अनुत्पादक खर्चलाई नियन्त्रण गरी अन्य पुर्वाधार विकासमा खर्च गर्नुपर्दछ ।
<table>
<tr><th>योजनाको नाम</th><th>खर्च</th><th>योजनाको नाम</th><th>खर्च</th></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| | | | |
| --- | --- | --- | --- |
| जैलु मन्दिर निर्माण | २००००० | ठेकाईघटालमाण्डौ मन्दिर निर्माण | ४८००० |
| तलिगोठ मन्दिर निर्माण | १५०००० | मेलढुस्का घटाल मन्दिर निर्माण | ४६००० |
| देउलीकोट मन्दिर निर्माण | ५०००० | महादेउ मन्दिर निर्माण | ५०००० |
| दैया दातिटोल मन्दिर निर्माण | १००००० | रजाला खापरमाण्डौ मन्दिर निर्माण | ९६००० |
| धवलपुरी मन्दिर निर्माण | ५००० | ठुलाधारा शिव मन्दिर निर्माण | १४४००० |
| पशुपती मन्दिर निर्माण | ९६००० | ठाना मन्दिर निर्माण | ९६००० |
| भेरालमाणडु मन्दिर निर्माण | १००००० | धौलपुरीमाण्डौ मन्दिर निर्माण | १००००० |
| भुलेना मन्दिर निर्माण | २००००० | मष्टामाण्डौ मन्दिर निर्माण | १०००० |
| भवानी माण्डौ मन्दिर सिमचौर | ८००००० | कैलाश मन्दिर निर्माण | ९६००० |
| भवानीमाण्डु मन्दिर डोग्डेवाडा | २००००० | कालापडा मन्दिर निर्माण | ९६००० |
| मुलमाई मन्दिर निर्माण | २००००० | किमखोली मन्दिर निर्माण | ४८००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| मष्टामाण्डौ मन्दिर निर्माण चुलुरुख | १००००० | घटँल मन्दिर निर्माण घोडाकोटेवाडा | १००००० |
| रतुडो मन्दिर निर्माण | ५०००० | बाहुनवाडा मन्दिर मर्मत | ९६००० |
| शिव मन्दिर निर्माण रावतवाडा | ५०००० | रुमालमष्टा मन्दिर निर्माण | १५०००० |
| कालसिल्लो मन्दिर निर्माण सानेगाउ | ५०००० | ल्वारवाडा मन्दिर निर्माण | १४७८५० |
| कालसिल्लो मन्दिर निर्माण पार्तोला | ५०००० | लागो मन्दिर निर्माण कालेगाड | १४४००० |
| डुडीखुच्चा मन्दिर निर्माण | ५०००० | बिष्टवाडा मन्दिर निर्माण | ९६००० |
| तिरुवा मन्दिर निर्माण मटेला | १५०००० | नाकमै मन्दिर निर्माण | ४८००० |
| पादुका मन्दिर निर्माण | १९२००० | दुनुवामाण्डौ मन्दिर निर्माण | ३०००० |
| चन्दनाथ मन्दिर निर्माण | २५०००० | ब्रमहमाण्डौ मन्दिर निर्माण | ६००० |
| मष्टामाण्डौ मन्दिर निर्माण ल्वारवाडा | ४८००० | मष्टामाण्डु मन्दिर निर्माण | ५०००० |
| साङ्टीमाण्डौ मन्दिर निर्माण | ५०००० | कैलाश मन्दिर निर्माण वडा नं ९ | १००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>काटाकान घटालमाण्डौ मन्दिर निर्माण</td><td>९६०००</td><td>धिमलतोड्या मन्दिर निर्माण</td><td>५००००</td></tr>
<tr><td>घटालमाण्डौ धर्मशाला निर्माण</td><td>४८०००</td><td>झुलिसल्ला मन्दिर निर्माण</td><td>८००००</td></tr>
<tr><td>चौकिलेख मन्दिर निर्माण</td><td>९८५००</td><td>तारा स्मृती भवन निर्माण</td><td>१५०००००</td></tr>
<tr><td>जैलु मष्टामाण्डौ मन्दिर निर्माण</td><td>१०००००</td><td>बि.पि.स्मृती भवन निर्माण</td><td>१९७३०००</td></tr>
<tr><td>जम्मा</td><td colspan="3">८८८४३०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापन र सेवा प्रवाह</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म १३ जना (करार बाहेक) पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर सहित ३६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले स्वास्थ्य तर्पको समेत जम्मा ९४ जना कर्मचारीहरु करारमा राखि रु. २,७१,७१,९६९।- खर्च लेखेको छ ।</td><td>२,९६१,५८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको ८ जना कर्मचारी करार नियुक्ति गरी बर्षभरीमा रु. २९,६१,५८०।- भुक्तानी गरेको अनियमित देखिएको रु. | |
| ७.३ | | | **कल्याणकारी कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष रु. ५ लाख बजेट विनियोजन गरेको भएता पनि कल्याणकारी कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी कुनै पनि ऐन कानूनको समेत व्यवस्था भएको देखिएन । | |
| ७.४ | | | **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको १० दरबन्दी भएकोमा ७ जनाको पद रिक्त भएको देखियो । सेवा प्रवाह गर्ने प्रमुख जिम्मेवारी रहेका पदमा पदपुर्ती नभई रिक्त रहेको र उक्त पदमा अन्य सेवाका कर्मचारीलाई जिम्मेवारी दिई कार्य संचालन गरेको देखियो । पालिकाले वडा सचिवको पदपुर्ती गरी गुणस्तरीय सेवा प्रवाह गर्नुपर्दछ । | |
| ७.५ | | | **सेवाप्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था बमोजिम १६ वटा ऐन, नियम, कार्यविधि लगायतका कानुन निर्माण गरी कार्यान्यनमा रहेका छन् । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>जन्मदर्ता</td><td>१२०८</td><td>१२०८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>२१०</td><td>२१०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२७</td><td>२७</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२६१</td><td>२६१</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>कानुन निर्माण तथा कार्यान्वयन</td><td></td></tr>
<tr><td>८.१</td><td></td><td></td><td>न्यायीक समिति - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्षको समेत जम्मा ३२ विवाद दर्ता भएकोमा २८ फछ्र्यौट भई ४ वटा फस्र्यौट गर्न बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकामा हालसम्म २ वटा ऐन, २ वटा नियमावली, १२ कार्यविधि लगायत १६ वटा कानुन निर्माण गरी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यान्यनमा ल्याएको छ । पालिकाले कानुनहरु निर्माण गरेता पनि उक्त कानुनहरुको कार्यान्वयन प्रभाकारी रुपमा गरेको देखिएन । पालिकाले निर्माण गरेका कानुनहरुको प्रभाबकारी कार्यन्वयन गर्नुपर्दछ। | |
| ८.३ | | | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको अन्तर सरकारी अख्तियारीको बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ९ | | | **सार्वजनिक सम्पत्तिको संरक्षण र प्रयोग** | |
| ९.१ | | | **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ९.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेख देख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। यस सम्वन्धमा निम्नानुसार देखिएको छः<br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको एवं अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु एवं अभिलेख राख्नु पर्दछ।<br>• पालिकाले सार्वजनिक स्थलमा सामुदायिक भवन निर्माण गर्दा वा अन्य भौतिक संरचना निर्माण गर्दा संरचना निर्माण गर्ने स्थलको जग्गा सरकारी वा सार्वजनिक के हो सो को बारेमा नापी र मालपोत कार्यालयवाट एकिन गरेर मात्र त्यस्तो संरचना निर्माण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९.३ | | | **जग्गा प्राप्तिः** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्ने अधिकार नेपाल सरकारलाई हुने तथा प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलव्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्नु पर्ने व्यवस्था छ । ऐनको दफा २३ मा नेपाल सरकारको नाममा प्राप्त भएको जग्गा नेपाल सरकारको नाममा नामसारी गरी मालपोत लगत कट्टा गर्नु पर्ने हुन्छ । ऐनको दफा १३ अनुरुप गठित मुआब्जाको रकम निर्धारण समितिको सिफारिसमा जग्गाको मुआब्जा रकम भुक्तानी गर्नु पर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ढ) मा स्थानीय तहले सार्वजनिक कामको लागि जग्गा प्राप्त गर्न सक्ने र मुआव्जा निर्धारणको लागि सहजिकरण गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष जग्गा प्राप्त गरेकोमा मालपोत कार्यालयको न्यूनतम मुल्याङ्कित दरमा मुआव्जा रकम निर्धारण गरी सोझै रकम सम्बन्धित जग्गाधनीलाई रु. ३२,७७,७८१।- भुक्तानी गरेको देखियो । पालिकाले जग्गा प्राप्त गर्दा जग्गा प्राप्ति ऐनको अनुशरण गर्नुपर्दछ । | |
| ९.४ | | | **पुँजीगत लाभकर -** आयकर ऐन, २०५८ को दफा ९५(क) ५ बमोजिम निःसर्ग भएको घर जग्गाको स्वामित्व पांच वर्ष वा सो भन्दा बढी भएमा २.५ प्रतिशतका दरले र स्वामित्व पाँच वर्ष भन्दा कम भएमा ५ प्रतिशतका दरले रजिष्ट्रेसनका बखत मालपोत कार्यालयले पुँजिगत लाभकर लिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष जग्गा प्राप्ति गरी निम्नानुसार व्यक्तिलाई रु. ३२,७७,७८१।- भुक्तानी गरेकोमा मालपोत कार्यालयमा लाभकर दाखिला गरेको प्रमाण पशे गरेको छैन । अत भुक्तानी गरेको रकमको ५ प्रतिशतले हुने रु. १,६३,८९०।- लाभकर तिरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १६३,८९० |

| गो.भौ.नं./मिति | जग्गा धनीको नाम | कित्ता नं. | जग्गाको क्षेत्रफल | खरिदकर्ता | खरिद रकम |
|---|---|---|---|---|---|
| १५।०७८।९।८ | धर्म प्र. देवकोटा | १२३३ | १०१७.४८ ब.मी | इलाका प्रहरी कार्यालय, कोल्टी | २२२८२८१ |
| ११८।०७८।११।१८ | कैले रावत | १००४ | ४९५ ब.मी. | बुढीनन्दा न.पा. वडा न. ४ | १०४९५०० |
| **जम्मा** | | | | | ३२७७७८१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>अनुदान प्राप्ति, फिर्ता र अनुगमन</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>अनुदान - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकावाट प्राप्त विवरण अनुसार २०७९ असार मसान्तमा खर्च नभई बाँकी रहेको निम्नानुसारको रु. ३,०१,२९,६२५।- फिर्ता गरेको देखिन्छ ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>फिर्ता रकम</th></tr>
<tr><td rowspan="3">संघीय सरकार</td><td>शसर्त</td><td>१९४३६३९२</td></tr>
<tr><td>बिशेष</td><td>५२८००६१</td></tr>
<tr><td>समपुरक</td><td>१७७११६९</td></tr>
<tr><td rowspan="2">प्रदेश सरकार</td><td>बिशेष</td><td>१६६३०३०</td></tr>
<tr><td>समपूरक</td><td>१९७८९७४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३०१२९६२५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>अनुदानको अनुगमन - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले गत बिगत बर्ष देखि स्वास्थ्य, कृषि, पशु, शैक्षिक सेवा र अन्य</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संस्थालाई बीउपुँजी तथा बिभिन्न प्रकारका अनुदान दिने गरेकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गर्ने गरेको छैन । पालिकाले अनुदान प्रदान सम्वन्धी कानुन वनाई अनुगमनलाई प्रभावकारी वनाउनुका साथै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |
| ११ | | | **उपभोक्ता समिति र ठेक्का अभिलेख** | |
| ११.१ | | | **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउन सकिने व्यवस्था छ। संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानुनी मान्यता दिन मिल्ने देखिंदैन। पालिकाले यो वर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य सम्पन्न गराएकोमा उल्लेखित समितिहरु ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाईएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात समिति विघटन हुने हँदा निर्माण कार्य सम्पन्न भएका आयोजना संचालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार वनाउन कठिनाई हुने र त्यस्ता समितिहरुले आय व्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गराउने गरी सुधार हुनुपर्दछ । | |
| ११.२ | | | **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले भवनको निर्माण, खानेपानी संरचना जस्ता जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ। | |
| ११.३ | | | **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको र ठेक्काद्वारा गरिने निर्माण कार्य तथा मालसमान खरिदको लागत अनुमानमा समेत गुणस्तर परीक्षणको आईटम समावेश नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएको मालसमानको गुणस्तर परीक्षण हुने गरेको देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य तथा खरिद भएका मालसमान गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्य र खरिद भएका मालसामानको गुणस्तर परीक्षण गरी गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ। | |
| ११.४ | | | **एजविल्ट नक्सा पेश नभएको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन । ऐन नियममा भएको व्यवस्था बमोजिम निर्माण कार्यको एजविल्ट नक्सा पेश गर्नुपर्दछ । | |
| ११.५ | | | **नापी किताब** - निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताबमा ठेक्का नम्बर, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो विलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ। अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ विल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो। तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई नापी किताब नराखिँदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यवस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखिनु पर्दछ। | |
| ११.६ | | | **कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ११.७ | | | **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य,हाल सम्म भएको कामको परिमाण, मुल्य,कार्य सम्पादन जमानत,पेश्की ग्यारेन्टीको अवस्था,काम सम्पन्न गर्नुपर्ने मिति,भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.८ | | | **डि.एल पि.अभिलेख** - सार्वजनिक खरिद नियमावलीको नियम १२५(१) मा खरिद सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए वमोजिमको (एज विल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। त्यस्तै सोही नियमको उपनियम २ मा त्रृटी सच्याउने दायित्व अवधि समाप्त भएपछि ड्रइङ्ग,डिजाइन वा स्पेशिफिकेशन वमोजिम भए नभएको जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने छ। त्यस्तै उपनियम ४ मा उपनियम (१) वमोजिमको निर्माण भए वमोजिमको नक्सा र उपनियम (३) वमोजिम पेश भएको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। नियममा भएको उक्त प्रावधानको प्रभावकारी रुपले कार्यान्वयन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउ पुर्याउनको लागि निर्माण सम्पन्न भई डि.एल.पी मा रहेका ठेक्काको अभिलेख राखि नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीवाट जाचबुझ गराउनुपर्नेमा डि.एल.पीमा रहेका ठेक्काको अभिलेख राखेको देखिएन। यस्तो अवस्थामा डि.एल.पि समाप्त भएका ठेक्काको प्राविधिक कर्मचारी खटाई नियममा भएको प्रावधान अनुसार जाँचबुझ गराई कार्यसम्पन्न प्रतिवेदन तयार भए नभएको, ठेक्का स्वीकृत गर्ने पदाधिकारी र कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने एउटै पदाधिकारी भएको अवस्थामा एक तह माथिको अधिकारी समक्ष कार्य सम्पन्न प्रतिवेदन पेश गरे नगरेको एकिन गर्ने सक्ने अवस्था रहेन। अतःयसको अद्यावधिक अभिलेख राख्ने कार्य तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| १२ | | | **विवध खर्च तथा आर्थिक सहायता** | |
| १२.१ | | | **खाना, खाजा तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष बिबिध खर्च रु. २० लाख खर्च गरेकोमा सो मध्ये खाना खाजा खर्च मा रु. ११ लाख २५ हजार खर्च भएको छ जुन आन्तरिक आयको शत प्रतिशत हो । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १२.२ | | | **सांस्कृतिक तथा विविध कार्यमा खर्च** – सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा पालिकाले बिभिन्न किसिमका अनुत्पादक प्रयोजनमा खर्च गर्ने गरेको देखियो । पालिकाले यस बर्ष निम्नानुसारको फुटवल प्रतयोगित संचालनको लागि र पदाधिकारी तथा कर्मचारीको अध्ययन भ्रमणमा लगायतमा रु. ३२,११,१७५।- गरेको छ । पालिकाले २०७८।११।१५ को निर्णयवाट बिभिन्न शिर्षकमा बिनियोजित रकमवाट रकमान्तर गरी पदाधिकारी तथा कर्मचारी अध्ययन अवलोकन भ्रमण २०७८ को लागि रु. २०,००,०००।- वजेट कायम गरी पालिकावाट ४६ जना पदाधिकारी तथा कर्मचारीको नेपालगंज, वुटवल, फिक्कल, ईटहरी, चितवन, काठमाडौं, पोखरा, नेपालगंज हुदै पालिकासम्म अध्ययन भ्रमण गरी रु. २५,१७,७४०।- खर्च लेखेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>आशिष गिरी</td><td>फुटवल प्रतियोगिता संचालन</td><td>३४५४४०</td></tr>
<tr><td>पदाधिकारी तथा कर्मचारी भ्रमण खर्च</td><td>अध्ययन तथा भ्रमण कार्य</td><td>२५१७७४०</td></tr>
<tr><td colspan="2">सांस्कृतिक प्रवर्द्धन कार्यक्रम</td><td>२०००००</td></tr>
<tr><td colspan="2">मुस्लिम कार्यक्रम</td><td>१४७९९५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३२११९७५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>राहत तथा औषधि उपचार खर्च : नगरपालिकाको विपद व्यवस्थापन कोष संचालन कार्यबिधि २०७७ मा विपदकोषको आम्खानी, खर्च र प्रयोग सम्वन्धि व्यवस्था गरेको छ । यस बर्ष पालिकाले प्रकोप व्यवस्थापन कोषवाट सडक मर्मत, राहत रकम वितरण र औषधि उपचार खर्चको लागि रु. ६१,१४,९५३।- खर्च गरेको छ । विपद व्यवस्थापन कोष संचालन कार्यबिधि २०७७ मा प्राकृतिक तथा अन्य विपदवाट प्रभाबितलाई राहत वितरण गर्ने, आकस्मिकरुपमा निर्माण गर्नुपर्ने निर्माण कार्य गर्ने र विपदवाट घाईते व्यक्तिलाई उपचार खर्च उपलव्ध गराउने उल्लेख छ तर उक्त कार्यबिधिमा विपदवाट घाईते भएका बाहेक अन्य ब्यक्तिलाई औषधि उपचार रकम उपलव्भ गराउने उल्लेख नभएता पनि पालिकाले यस बर्ष औषधि उपचार खर्च वापत २४ जनालाई रु. ३,३७,०००।- उपलव्ध गराएको देखिन्छ । यसरी कार्यबिधिमा उल्लेख भएको व्यवस्था विपरित औषधि उपचार खर्च उपलव्ध गराउने कार्यलाई नियन्त्रण गरी निश्चित कार्यबिधि तयार गरी सोही बमोजिम आर्थिक सहायता रकम उपलव्ध गराउन तर्फ पालिकाले ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>प्रकोप व्यवस्थापन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.१ | | | **समिति गठन :** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको नगरपालिका र वडास्तरीय विपद व्यव्थापन समिति गठन गरेको भएतापनि बैठक बस्ने तथा अन्य कार्यहरु प्रभाबकारी रुपमा गरेको पाइएन । ऐनमा तोकिए बमोजिम गठन भएको समितिलाई सक्रिय बनाई विपद व्यवस्थापन सम्वन्धी कार्यलाई प्रभाबकारी वनाउनुपर्दछ । | |
| १३.२ | | | **कार्य योजना** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ। पालिकाले ऐन तथा नियमावलीमा तोकिएका उल्लेखित कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ। | |
| १३.३ | | | **वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षामा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गरी बार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पेश गर्नुपर्दछ । | |
| १३.४ | | | **खरिद कार्य** - विपदको जोखिम न्युनीकरण तथा व्यवस्थापनको लागि स्थापना गरेको प्रकोप व्यवस्थापन कोषवाट पालिकाले विपदवाट प्रभावित व्यक्तिलाई राहत तथा सहयोग उपलव्ध गराउने सम्वन्धि खर्च गर्नु पर्दछ । पालिकाले यस बर्ष विपद व्यवस्थापन कोषमा चालु खर्चवाट रु. ५० लाख रकम ट्रान्सफर गरी उक्त रकमवाट बिभिन्न स्थानमा सडक मर्मत कार्यको लागि रु. ५ लाख भन्दा घटीको लागत अनुमान वनाई उक्त लागत अनुमानमा सडक निर्माण कार्यको लागि माटो खन्ने कामको लागि ८० प्रतशत मेसिन र २० प्रतिशत मानिसको संलग्नता रहने गरी ढुङ्गा काट्ने कामको लागि ९० प्रतिशत मेसिन र १० प्रतिशत मानिसको संलग्नता रहने गरी दर बिश्लेषण गरी सोही दरमा बिभिन्न फर्महरु संग सोझै खरिद बिधिवाट निर्माण कार्य गराएको देखियो । पालिकाले चालु अवस्था | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नरहेका सडकको मर्मत तथा संभार कार्य मर्मत संभार कोषवाट गर्नुपर्नेमा चालु खर्चवाट प्रकोप व्यवस्थापन कोषमा रकम ट्रान्सफर गरी यस बर्ष निम्नानुसार निर्माण कार्य गराई भुक्तानी दिएको देखिन्छ । पालिकाले सडक मर्मत तथा संभार कार्य प्रकोप व्यवस्थापन कोषवाट खर्च नगरी मर्मत संभार कोष वाट गर्नुपर्दछ साथै बिभिन्न निर्माण व्यवसायीवाट सडक मर्मत तथा संभार कार्य गराउने प्रयोजनको लागि लागत अनुमान तयार गर्दा सडक खन्ने कामको लागि निर्माण व्यवसायीले मेसिनको प्रयोग गर्ने हुँदा मानिस र मेसिन संलग्नता रहेको आधारमा दर बिश्लेषण नगरी मेसिनको मात्र दर बिश्लेषण गरी सोही बमोजिम कार्य सम्पन्न गर्नको लागि सम्झौता गरी खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ । | |

| गो.भौ. नं. र मिति | फर्मक नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १३-२०७८।७।१५ | चन्दनाथ निर्माण सवा | कोल्टी मार्तडी सडक मर्मत | ४८११२९ |
| १५-२०७८।७।१५ | उषा कन्स्ट्रक्सन | सडक मर्मत | ४८४५४७ |
| २२-२०७८।८।३ | गौरव कन्स्ट्रकसन | मटेला सेरकवट कुलो निर्माण | ४८४७१७ |
| २२-२०७८।८।३ | मष्टा निर्माण सेवा | काप देखी पारखे सडक मर्मत | ४८६४३८ |
| २२-२०७८।८।३ | दिपसन कन्स्ट्रकसन | सडक मर्मत | ४८४७०५ |
| २४-२०७८।८।१३ | दिव्यश्वरी निर्माण सेवा | सडक मर्मत | ४८०८२४ |
| २४-२०७८।८।१३ | कैलाश निर्माण तथा सप्लायर्स | विरसैन सडक मर्मत | ४८३३६९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४७-२०७८।१०।६</td><td>सिआई कन्स्ट्रक्सन</td><td>सडक मर्मत</td><td>१९७३१९</td></tr>
<tr><td>६३-२०७८।१२।३०</td><td>निश्चल निर्माण सेवा</td><td>सडक मममर्त</td><td>४८१३०६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४०६४३५४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३.५</td><td></td><td></td><td>खरिद सामाग्रिको जडान- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार निर्माण सामाग्रि खरिद गरेकोमा उक्त सामाग्रि जडान गरेको प्राविधिक पुष्ट्रयाई सहितको कार्य सम्पन्न प्रतिवेदन पेश भएको देखिएन । पालिकाले खरिद गरेको निर्माण सामाग्रि जडान तथा प्रयोग भएको प्राबिधिक पुस्ट्रयाई सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>फर्मको नाम</td><td>खरिदको विवरण</td><td>परिमाण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१८-२०७८।८।१</td><td>लक्ष्मी प्लाष्ट्रिक प्रा.लि.</td><td>एच.डि.पि.पाईप</td><td>४८०० मिटर</td><td>३७०४५२</td></tr>
<tr><td>४३-२०७८।१०।४</td><td>चन्दनाथ अर्डर एण्ड सप्लायर्स</td><td>ग्याविन बक्स</td><td>१०० थान</td><td>४६८९५०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८३९४०२</td></tr>
</table>
</td><td>८३९,४०२</td></tr>
<tr><td>१४</td><td></td><td></td><td>पदाधिकारी सुविधा</td><td></td></tr>
<tr><td>१४.१</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा - नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट यस बर्ष पदाधिकारीको सुबिधमा यस बर्ष निम्नानुसारको रु. ९४,४०,०००/- खर्च भएको छ ।
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष १० जना</th><th>कार्यपालिका सदस्य ८ जना</th><th>सभाका सदस्य ३३ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>टेलिफोन,मोबाइल</td><td>७७०००</td><td>७२०००</td><td>४४००००</td><td>३०८०००</td><td>७३४०००</td><td>१६३१०००</td></tr>
<tr><td>२</td><td>पुस्तक,पत्रीका, ईन्टरनेट</td><td>७१५००</td><td>६००००</td><td>४४००००</td><td>३०८०००</td><td>९१७५००</td><td>१७९७०००</td></tr>
<tr><td>३</td><td>समन्वय तथा सहजीकरण</td><td>११००००</td><td>१०८०००</td><td>७१५०००</td><td>५२८०००</td><td>१४६८०००</td><td>२९२९०००</td></tr>
<tr><td>४</td><td>अतिथि सत्कार</td><td>१२१०००</td><td>१२००००</td><td>८८००००</td><td>०</td><td>०</td><td>११२१०००</td></tr>
<tr><td>५</td><td>खानेपानी/बिजुली/ सरसफाई</td><td>४४०००</td><td>४२०००</td><td>२६४०००</td><td>२२००००</td><td>३६७०००</td><td>९३७०००</td></tr>
<tr><td>६</td><td>चाडपर्व खर्च</td><td>२७५००</td><td>२५०००</td><td>१८००००</td><td>८००००</td><td>२६४०००</td><td>५७६५००</td></tr>
<tr><td>७</td><td colspan="6">बैशाख महिनाको जम्मा</td><td>४४८५००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा ४५१००० ४२७००० २९१९००० १४४४००० ३७५०५०० ९४४०००० | |
| १४.२ | | | **शपथ लिनु भन्दा अगाढीको सुबिधा भुक्तानीः** प्रारम्भिक प्रतिवेदन उपर असूल भौचर पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु. २,२६,०००.०० सम्परीक्षण गरिएको । | |
| १५ | | | **कर दस्तुर एवं आन्तरिक आय** | |
| १५.१ | | | **कर अनुमान र संकलनः** स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ५५, ५७, ५८ र ५९ मा एकिकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। आय शीर्षकमा यस वर्ष प्रक्षेपण गर्दा शीर्षकगत नगरी एकमुष्ट आय रु २५,००,०००।- प्रक्षेपण गरेकोमा कार्यालयबाट प्राप्त विवरण अनुसार रु २१,४७,५४४।- (८१.९ प्रतिशत) मात्र संकलन भएको देखिन्छ। वास्तविक आय संकलन घटी देखिएबाट आएको अनुमान भरपर्दो देखिएन । आय अनुमानलाई वैज्ञानिक बनाई प्रक्षेपित आय संकलन गर्नमा पालिकाको ध्यान जानुपर्दछ। | |
| १५.२ | | | **रसिद नियन्त्रण खाताः** यस नगरपालिकाले रसिद नियन्त्रण खाता राखेको भएता पनि तोकिएको ढाँचामा नगदि रसिद नियन्त्रण खाता म ले प फा नं ९०४ साविक १०८ तयार नगरेकोले सो खाताले गत वर्षको नगदि रसिदको ठेली आम्दानी खर्च र बाँकी ठेली देखिने गरी रसिद नियन्त्रण खाता राखेकोमा अभिलेख पूर्ण देखिएन। रसिद ठेलीहरुको आम्दानी खर्च र बाँकीको विवरण स्पष्ट गरी रसिद नियन्त्रण खाता व्यवस्थित गर्नुपर्दछ। पालिकाले गत वर्षको ठेली कति संख्यामा मौज्दात रहेको विवरण नराखेकोले पुरानो ठेली संख्याको प्रयोग र सो ठेलीबाट राजश्व दाखिला भएको रकम एकिन भएन। | |
| १६ | | | **राजस्व अभिलेख**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ दफा २२ मा राजस्व अभिलेख अद्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था छ। जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन र त्यसको भोलिपल्ट दाखिला गरी श्रेस्ता खाडा गर्नु समेत उल्लेख छ। पालिकाले राजस्व आम्दानीको असूली र दाखिलाको अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेको र बैङ्क मार्फत राजस्व कारोवार गर्नुपर्नेमा गरेको छैन।। कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।कार्यलयले आगामी दिनमा | • |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।पालिकाले मालपोत दस्तुर लिने नगरेकोले गर्दा राजश्व असुली यथार्थपरक छैन।वडामा सचिवहरुलाई दुई भन्दा बढी वडाहरुको जिम्मेवार दिएकोले वडा अनुसारको राजश्व असुली बैंक दाखिला नगरी एकमुष्ट दाखिला गर्ने गरेकोले के कति कुन वडाको हो भन्ने छुट्टाउन सकिएन तथा पालिकाले पनि वडागत हिसाव नराखेकोले गर्दा राजश्व संकलनलाई व्यवस्थित एवं यथार्थपरक बनाउन स्वचालित प्रविधि मार्फत राजश्व कारोबार गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका थप व्यहोरा देहायबमोजिम छन्।<br><br>• गत सालको नगदी एवं मालपोत रसिदको मौज्दात देखिने गरी विवरण राखेको पाइएन।<br>• रसिद नियन्त्रण खाता अनुसार पालिका अन्तर्गतका १० वटा वडाहरुमा विभिन्न राजश्व रसिद ठेलीहरु (नगदि र मालपोत) वितरण गरेको पाइएमा बुझेको उक्त ठेली संख्या बराबर रसिद काटी अर्धकट्टी ठेली पालिकामा बुझाएको पाइएन।<br>• शिफारिस दस्तुर, मालपोत कर, चारकिल्ला प्रमाणित, पञ्जिकरण शुल्क लगायतका वडाबाट संकलन हुने राजश्व रकम पालिकाको आन्तरिक जम्मा गरे नगरेको एकिन गर्न सकिएन।<br>• पालिकाले बैंक स्टेटमेन्टको आधारमा तथा बैंकमा जम्मा गरेको भौचरको आधारमा उठेको राजश्व रकम आन्तरिक आय खातामा एकमुष्ट आन्दानी बाध्ने गरेको तर राजस्व आयको दैनिक, मासिक र बार्षिक आम्दानी तथा दाखिलाको अभिलेख नराखेकोले पालिकावाट असुल भएको राजस्व आम्दानी र दाखिला यथार्थपरक छ भन्न सकिएन । | |
| १७ | | | **अभिलेख**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ। आर्थिक वर्ष २०७८/७९ मा पालिकाले कुनै पनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरि असुल गर्नुपर्दछ। | |
| १८ | | | **धरौटी फिर्ता** | २१२,६८८.२८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा विल विजकको भुक्तानीमा कट्टी गरिएको धरौटी रकम फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष निम्नुसार फर्मलाई धरौटी रकम फिर्ता दिएकोमा उक्त फर्मले मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेको देखिएन । धरौटी फिर्ता रकमको मुल्य अभबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ. नं. र मिति</th><th>फर्मको नाम</th><th>स्थायी लेखा नंम्वर</th><th>धरौटी फिर्ता रकम</th></tr>
<tr><td rowspan="2">१९-२०७९।३।१२</td><td>निश्चल निर्माण सेवा</td><td>६१०५२६८०४</td><td>३८७१३.५६</td></tr>
<tr><td>प्रशंसा निर्माण सेवा</td><td>६१०६३९५८४</td><td>१७३९७४.७२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१२६८८.२८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>सामाजिक सुरक्षा तथा संरक्षणतर्फ</td><td></td></tr>
<tr><td>१९.१</td><td></td><td></td><td>एम.आई.एस.प्रणाली: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि समयमा मृत्य दर्ता प्रमाणपत्र एवं वसाईसराई गरेको विवरण पालिकामा नआउदाँ र वडा कार्यालयमा रहेका मूल लाभग्राही किताब अद्यावधिक नहूदाँ एक त्रैमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको विवरण एम आई एस सफ्टवेयर प्रणालीमा अद्यावधिक भएको छैन। केन्द्रीकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>१९.२</td><td></td><td></td><td>लाभग्राहीको विवरण प्रविष्टि गर्ने: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले चालु वर्षमा समाजिक सुरक्षा भत्ता प्राप्त गर्न चाहेमा नियमावलीको नियम ९ बमोजिम प्रत्येक आर्थिक वर्षको असोज मसान्त भित्र अशक्त, असहाय वा नब्बे वर्ष माथिका जेष्ठ नागरिकको हकमा नियमावलीको नियम ५ को उपनियम (२) बमोजिम संरक्षक वा माथवर व्यक्ति मार्फत वाहेकका नवीकरणको लागि लाभग्राही स्वयम् उपस्थित भई निवेदन गरेकोमा वडा समितिबाट नवीकरण भई आए पश्चात प्रणाली (MIS) मा प्रविष्टि गरी नवीकरण गर्नुपर्ने व्यवस्था छ। यसरी म्याद भित्र नवीकरण नभएका लाभग्राहीको लगत कट्टा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी निजले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा ऐनको दफा १२ बमोजिम निवेदन दिई सेवा लिन सक्ने व्यवस्था गरेको छ। यसरी लाभग्राहीको नाम प्रणालीमा अद्यावधिक नगरी भत्ता वितरण भएमा उक्त रकम भुक्तानी खर्च लेख्ने अधिकारी र लेखा राख्ने कर्मचारीबाट दामासाहीले असुल उपर गरिने व्यवस्था सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ५ को उपदफा (३) मा उल्लेख गरेको छ। यसबाट बसाई सराई गरी गएका, मृत्यु भएकाहरुको लगत कट्टा नगरेकोले उल्लेखित कानुनको पालना भएको छैन। तसर्थ, वढि निकासा भए/नभएको यकिन हुन सकेन । | |
| २० | | | **पारदर्शिता र जवाफदेहिता**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्नेको साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| २१ | | | **अनुगमन**<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मूल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन। | |
| २२ | | | **सार्वजनिक सुनुवाई**<br><br>स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासो तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सार्वजनिक सुनवाई नगरी लाभग्राही सूची अनुसार भत्ता वितरण गरेको छ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>दोहोरो लाभग्राही नम्बर तथा निकासा<br><br>यस पालिकामा सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त गर्ने लाभग्राहीहरुको पालिकाबाट forward feed बाट गएको लाभग्राही विवरण अनुसार बैंकले दोहोरोपना एकिन नै नगरी खाता खोलिएको छ।एक त्रैमासिकमा मृत्यू भएको तथा अन्य कारणले लगतकट्टा भएका लाभग्राहीहरुको विवरण पालकाले एम.आई.एस प्रणालीमा अद्यावधिक नै नगरी को.ले.नि.का सँग निकासा माग गरेको तथा बैंकमा पनि सोही बमोजिमको रकम पालिकाले निकासा दिएकोले दुई फरक लाभग्राही नम्बर (Personal Id) भएका फरक नाम (जस्तै Name Spelling, Caste) भई एक लाभग्राहीको खातामा एकै त्रैमासिकमा दोहोरो सामाजिक सुरक्षा एवं संरक्षण भत्ता भुक्तानी भएको देखिन्छ।बैंकले केहि लाभग्राहीहरुको दोहोरो परेको भनी रकम फिर्ता गरेता पनि लेखापरीक्षणको क्रममा समेत दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको खातामा दोहोरो भत्ता जम्मा भएको व्यक्तिहरुको विवरण बैंकलाई दिई रकम फिर्ता गरिएको छ।अन्य लाभग्राहीहरुको हकमा समेत दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको खातामा दोहोरो भत्ता जम्मा भएको विवरण एकिन गरी जम्मा भएको भत्ता रकम दोहोरो पर्न गएकोले खाताबाट पालिकामा फिर्ता पठाई खाता बन्द गर्नुपर्ने तथा उक्त रकम फिर्ता पठाउनु पर्ने देखिन्छ।कुनै लाभग्राहीले एक किसिमको सामाजिक सुरक्षा तथा संरक्षण भत्ता प्राप्त गर्ने गरकोमा दुई फरक लाभग्राही नम्बर भएको तर एउटै व्यक्तिको भई दुई फरक किसिमको भत्ता समेत खातामा गएको देखिन्छ ।पालिकाले सम्पूर्ण लाभग्राहीहरुको नविकरण गर्दा बखत नै कुन लाभग्राहीले कुन किसिमको भत्ता प्राप्त गर्ने हो एकिन गरी दोहोरो लाभग्राही नम्बर एम आई एस प्रणालीमा अद्यावधिक गर्नुपर्ने देखिन्छ तथा दोहोरो लाभग्राही नम्बर भएका लाभग्राहीहरुको खातामा जम्मा भएको दोहोरो रकम समेत पालिकाले एकिन गरी जम्मा भएको दोहोरो भत्ता रकम फिर्ता पठाउनु पर्दछ। यस सम्वन्धि केही उदाहरणका निम्नानुसार छन ।
<table>
<tr><th>खाता नम्बर</th><th>लाभग्राही नम्बर</th><th>लाभग्रहीको नाम</th><th>रकम</th></tr>
<tr><td colspan="4">वडा नं. १</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ४४१०१००००१७४०११९ | २०७४०११२०८७९३ | Chandrawoti Joshi | ११९७० |
| ४४१०१००००१७४०११९ | २०७४०१२३०२७१४ | Chandrawati Joshi | १५९६ |
| ४४१०१००००१५०२११९ | २०७५०३१५०४२६९ | Sukriya Giri | १५९६ |
| ४४१०१००००१५०२११९ | २०७५०३१५०६७७७ | Sukriya Lwar | १५९६ |
| **वडा नं ३** | | | |
| ४४१०१००००५११५११९ | २०७७११२२०४७१४ | Yamuna Rokaya | १०६४ |
| ४४१०१००००५११५११९ | २०७७११२२०४७१४ | Yamuna Rokaya | १०६४ |
| ४४१०१००००३३१७११९ | १९९५१२३११३४७४ | Sauni Lohar | १२००० |
| ४४१०१००००३३१७११९ | २०१५१२३०६८१९५ | Sauni Lohar | ७९८० |
| ४४१०१०००००४८७११९ | २०६४०३१५०२३५८ | dil bahadur bohara | ११९७० |
| ४४१०१०००००४८७११९ | २०६४०३१५०००८९ | Dil Bahadur Bohara | ६३८४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| वडा नं ४ | | | |
|---|---|---|---|
| ४४१०१००००१२०७११९ | २००२०८०८००४०६ | Saune Rokaya1 | १२००० |
| ४४१०१००००१२०७११९ | २०१२०४०१०८२८७ | Sangram Rokaya | ६३८४ |
| ४४१०१०००००७४३११९ | २००७०७०१०२७२१ | sagune rokaya | १२००० |
| ४४१०१०००००७४३११९ | २००६०१०४०६६०६ | sobha bogati | १२००० |
| **वडा नं ५** | | | |
| ४४१०१०००००३६०११९ | २०१६१२३०८३३५८ | Dhani Lohar | ७९८० |
| ४४१०१०००००३६०११९ | २०१६१२३१२७७४२ | dhani lohar | ७९८० |
| **वडा नं ७** | | | |
| ४४१०१००००२३४३११९ | २००५०४०४००२८२ | Padma Khadka | १२००० |
| ४४१०१००००२३४३११९ | २०७६०५१२०४७४९ | Jenisha BK | १५९६ |

यसरी एउटै लाभग्राहीहरुको लाभग्राही नम्बर र नामको स्पेलिङ्ग फरक पर्नाले सुरक्षा एवं सरक्षण भत्ता प्राप्त गर्ने किसिम नै फरक पारी एउटै खातामा दोहोरो भत्ता रकम जम्मा भएकोले अन्य Duplicate विवरण भएका लाभग्राहीहरुको समेत पालिकाले विवरण एकिन गरी लाभग्रहीहरुको विवरण एम आई एस प्रणालीमा अद्यावधिक गर्ने तथा दोहोरो जम्मा भएको रकम समेत फिर्ता गर्नुपर्दछ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>भत्ता वितरण<br><br>यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><ul><li>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नम्बर २२ मा बैङ्कको छनौट गरी सम्झौता गर्दा सम्झौताको शर्तमा बैङ्कले निष्कृय (Dormant) खाताको विवरण प्रतेक साउन र माघ महिना भित्र पालिकालाई दिनुपर्ने, पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैङ्कले १५ दिन भित्र जम्मा गरी प्रत्येक खातामा रकम देखिने विवरण (Reverse Feed) सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैङ्कले लाभग्राहीको खातामा रकम जम्मा गरी सकेपछि भत्ता वितरणको विवरण अनुसूची ८ अनुसार बैङ्कबाट प्राप्त गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख छ। तर, बैङ्कले उल्लेखित निष्कृय खाता, Reverse Feed र भत्ता वितरणको विवरण पालिकालाई उपलब्ध गराएको छैन। तसर्थः सामाजिक सुरक्षा भत्ता सम्बन्धित व्यक्तिलाई तोकिएको दरले वितरण भए/नभएको यकिन गर्न सकिएन। कार्यालयबाट सामाजिक सुरक्षा भत्ता बैङ्क खातामा भुक्तानी निकासा पश्चात मृत्यु भएका लाभग्राहीहरुको बाँचेको अवधिको रकम भुक्तानी गरी रोक्का रहेको रकम यकिन गरी संघीय संचितकोष दाखिला गर्नुपर्ने देखिन्छ।</li><li>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ को उपदफा (३) एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट तोकिएको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएमा वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा यस बारे पालिकाले कुनै कारवाही गरेको देखिएन।</li></ul></td><td>•</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फ बढी निकासा<br><br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी मृत्यू भइसकेका लाभग्राहीको</td><td>९१,९८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>लगत कट्टा नगरी बढी खर्च गरेको छन। पालिकाले लाभग्राही लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>लाभग्राहीको नाम</th><th>समूह</th><th>विवरण</th><th>त्रैमासिक</th><th>भुक्तानी रकम</th></tr>
<tr><td colspan="5">वडा नं. २</td></tr>
<tr><td>दिपलाल जैशी (२००२०२०२०२३८२)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।१२।०३</td><td>तेस्रो र चौथो</td><td>२४०००</td></tr>
<tr><td>वडा नं ५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>कला दमाई (१९९५०६०८०१२४८)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७८।११।२०</td><td>तेस्रो र चौथो</td><td>२४०००</td></tr>
<tr><td>वडा नं ६</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>च्याखुरी जैसी (२००७०३३००१३५८)</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७९।३।१८</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>वडा नं ८</td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>प्रेम बहादुर उपाध्याय</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७९।३।४</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>अनिरूद्र देवकोटा</td><td>अन्य ज्येष्ठ नागरिक ७०+</td><td>मृत्यू मिति २०७९।२।२७</td><td>चौथो</td><td>१२०००</td></tr>
<tr><td>नन्द विर सनाई (२०१०१२३०६३४३७)</td><td>ज्येष्ठ नागरिक दलित</td><td>मृत्यू मिति २०७९।३।१५</td><td>चौथो</td><td>७९८०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९१,९८०</td></tr>
</table>
पालिकाबाट सामाजिक सुरक्षा भत्ता राष्ट्रिय बाणिज्य बैङ्क लिमिटेडमा वितरणको लागि हिसाव मिलान खातामा रकम निकाशा गरेको छ। लेखापरीक्षणका क्रममा वडागत विवरणको नमुना परीक्षण गर्दा माथि उल्लेख गरीएका लाभग्राहीको मृत्यु भईसेकेकोले पाउने रकम मृत्य भएको दिनसम्म गणना गरी लाभग्राहीको परिवारलाई निवेदन आएमा दिने तथा बैंङ्कमा रहेको निष्कृय खाताको सम्पूर्ण रकम संचित कोषमा दाखिला गर्नुपर्दछ । बाँकी वडाहरुको हकमा समेत पालिकाले लाभग्राहीको मृत्यु एव अन्य कारणबाट सामाजिक सुरक्षा भत्ता बैङ्कबाट नझिकेको अवस्थामा निष्कृय खाताको विवरण माग गरी रकम यकिन गरेर संचित कोषमा दाखिला गर्नुपर्दछ ।<br><br>
प्रारम्भिक प्रतिवेदन उपर असूल भौचर पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु. ५१,९६०.०० सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>शिक्षातर्फ</td><td></td></tr>
<tr><td>२६.१</td><td></td><td></td><td>शिक्षक अभिलेखः पालिका कार्यालयले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिइ तलब निकासा दिएको देखिएको हुँदा शिक्षक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएको हुँदा अभिलेख तयार गरी खर्चलाई प्रभावकारी बनाउनु पर्दछ। | |
| २६.२ | | | **विद्यालयगत निकासा रजिष्ट्रर** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरि भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ। कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पस्ट विवरण खुल्ने गरि यथार्थ विवरण राख्नु पर्नेमा निकासा अभिलेख राखेको छैन । जसवाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको वारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकोले विद्यालयगत निकासा रजिस्टर्ड खाता अद्यावधिक राख्नु पर्दछ । | |
| २६.३ | | | **बाल विकास सहजकर्ता र विद्यालय सहायकको निकासाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरको आर्थिक वर्ष २०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको पेज नं १२ को १.१ र १.२ मा प्रारम्भिक वालविकास केन्द्रका सहजकर्ता र विद्यालय सहयोगीको पारीश्रमिक प्रति महिना रु ८०००।र प्रशासन सहायक कर्मचारी लेखापालको पारीश्रमिक प्रति महिना रु. १३,५००।-का दरले चाडपर्व खर्च सहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान दिने र वजेट वक्तव्यमा उल्लेख भए वमोजिम नेपाल सरकारले निर्धारण गरे वमोजिमको न्यूनतम पारीश्रमिक रु १५ हजार र २० हजार ५०० पुर्याउदा थप गर्नुपर्ने रकम सम्वन्धित स्थानिय तहले व्यहोर्ने उल्लेख भएकोमा पालिकाले २०७९ वैशाख देखि अषाढको पारीश्रमिकमा ३५ विद्यालयका कर्मचारीको रु. ७,७०,०००।- र २३ वालविकास केन्द्रका सहजकर्ताको रु. ५,१८,०००।- समेत रु. १२,८८,०००।- निकासामा स्थानिय तहले व्यहोर्ने रकम समेत समावेश गरी शसर्त चालुबाट खर्च लेखेको छ । संघियकोषमा फिर्ता गर्नुपर्ने रकमवाट स्थानिय तहले थप गर्नुपर्ने सहजकर्ता र सहायक कर्मचारीको पारीश्रमिक समेत सशर्त चालुवाट खर्च लेखेकोले उक्त रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | १,२८८,००० |
| २६.४ | | | **नगर शिक्षक र नगर इसिडिको तलव खर्च** - सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागिमात्र खर्च गर्ने व्यवस्था रहेकोमा पालिकाले शिक्षा सशर्त अनुदान तर्फको आधारभूत तथा माध्यामिक तहका स्वीकृत दरवन्दी तथा अनुदानमा कार्यरत शिक्षकको थप तलव भत्ता शिर्षकवाट बचत भएको रकमवाट पालिकाले २०७९ वैशाख देखि अषाढको नगर शिक्षकको तलवमा रु. ३०,५६,०००।- र नगर इसिडिको तलवमा रु. ६,३०,०००।- समेत रु. ३६,८६,०००।-स्थानिय तहवाट खर्च लेख्नुपर्नेमा संघिय सशर्तवाट खर्च गरेको छ। संघीयकोषमा फिर्ता गर्नुपर्ने रकमवाट नगर शिक्षक र नगर इसिडिको तलवमा खर्च लेखेको उक्त रकम संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. | ३,६८६,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.५</td><td></td><td></td><td>

**शिक्षक दरबन्दी र पदपूर्तिः** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत बिभिन्न ३० वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरवन्दी</th><th>पदपूर्ती</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>श्री जन प्रकाश उ·मावि</td><td>२१</td><td>२१</td><td>९</td><td>१२४७</td></tr>
<tr><td>२</td><td>श्री वाधु मावि</td><td>८</td><td>८</td><td>४</td><td>३९५</td></tr>
<tr><td>३</td><td>श्री नन्देश्वरी मावि</td><td>६</td><td>६</td><td>१</td><td>१८५</td></tr>
<tr><td>४</td><td>श्री सत्य मावि</td><td>१३</td><td>१३</td><td>७</td><td>८३६</td></tr>
<tr><td>५</td><td>श्री देवडाडा मावि</td><td>६</td><td>६</td><td>२</td><td>२९७</td></tr>
<tr><td>६</td><td>श्री चन्दनाथ निमावि</td><td>६</td><td>६</td><td>३</td><td>१४०</td></tr>
<tr><td>७</td><td>श्री पञ्चलक्ष्मी निमावि</td><td>४</td><td>४</td><td>१</td><td>१७२</td></tr>
<tr><td>८</td><td>श्री वागेश्वरी निमावि</td><td>४</td><td>४</td><td>२</td><td>२१२</td></tr>
<tr><td>९</td><td>श्री भावना निमावि</td><td>२</td><td>२</td><td>१</td><td>२४०</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १० | श्री जन विकास निमावि | ३ | ३ | १ | १९९ |
| ११ | श्री सत्य लक्ष्मी प्रावि | ३ | ३ | १ | ८८ |
| १२ | श्री वुढीनन्दा प्रावि | २ | २ | १ | १४४ |
| १३ | श्री मदन आश्रित प्रावि | २ | २ | १ | ११४ |
| १४ | श्री कालिका निमावि | ३ | ३ | ० | १३१ |
| १५ | श्री गंगा प्रावि | १ | १ | ० | ४२ |
| १६ | श्री कालिका प्रावि | ३ | ३ | १ | ७९ |
| १७ | श्री भवानी आ वि मटेला | १ | १ | १ | ४९ |
| १८ | श्री घटाल प्रावि | २ | २ | १ | ७१ |
| १९ | श्री हिमाली निमावि | ४ | ४ | १ | ५०५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>श्री कैलाश प्रावि पाण्डुसैन</td><td>५</td><td>५</td><td>३</td><td>२४६</td></tr>
<tr><td>२१</td><td>श्री खापर प्रावि</td><td>३</td><td>३</td><td>१</td><td>२०२</td></tr>
<tr><td>२२</td><td>श्री सागर प्रावि</td><td>१</td><td>१</td><td>१</td><td>२०९</td></tr>
<tr><td>२३</td><td>श्री कैलाश प्रावि कालेगाड</td><td>३</td><td>३</td><td>२</td><td>१३८</td></tr>
<tr><td>२४</td><td>श्री सिध्यश्वरी प्रावि</td><td>३</td><td>३</td><td>२</td><td>१०६</td></tr>
<tr><td>२५</td><td>श्री पाण्डव निमावि</td><td>२</td><td>२</td><td>१</td><td>१६२</td></tr>
<tr><td>२६</td><td>श्री ऋषिदेव प्रावि</td><td>०</td><td>०</td><td>०</td><td>१२४</td></tr>
<tr><td>२७</td><td>श्री वडिमालिका प्रावि</td><td>३</td><td>३</td><td>१</td><td>११८</td></tr>
<tr><td>२८</td><td>श्री मष्टा प्रावि</td><td>१</td><td>१</td><td>०</td><td>८०</td></tr>
<tr><td>२९</td><td>श्री पशुपति प्रावि</td><td>४</td><td>४</td><td>०</td><td>१०५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३०</td><td>श्री वुढीनन्दा आ वि एयरपोर्ट</td><td>४</td><td>४</td><td>२</td><td>१८२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१२३</td><td>१२३</td><td>५१</td><td>६८१८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६.६</td><td></td><td></td><td>
बढी निकासाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका शिक्षकहरुलाइ अनिवार्य अवकाश मिति भन्दा पछाडीको तलव भत्ता निकासा दिएको देखिएकोले बढी निकासा भएको रु. ५२,२५०।- असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>अवकाश भएको मिति</th><th>वढि निकाशा</th><th>कैफियत</th></tr>
<tr><td>वुढीनन्दा आधारभूत विद्यालय</td><td>दामोदर प्रसाद रेग्मी</td><td>२०७८।५।२९</td><td>४०००२</td><td>भाद्र २ दिन र दशै खर्च</td></tr>
<tr><td>चन्द्रनाथ आधारभूत विद्यालय जंसाल</td><td>पदम वहादुर शाही</td><td>२०७८।१२।२४</td><td>१२२४८</td><td>चैत्र महिना पुरै दिनको निकासा</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२२५०</td><td></td></tr>
</table>
</td><td>५२,२५०</td></tr>
<tr><td>२६.७</td><td></td><td></td><td>शिक्षक वढि ग्रेड भुक्तानी स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइ मार्फत राष्ट्रिय शिक्षक किताव खानावाट पारीत गराइ प्राप्त तलवि प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। पालिकाले देहायका विद्यालयका शिक्षकहरुलाइ मिति २०७८।११।२३ को राष्ट्रिय शिक्षक किताबखानावाट पारीत तलवि प्रतिवेदन भन्दा वढि दरले भुक्तानी दिएको रु. ४,३५,८५९।- सम्वन्धमा संसोधित प्रमाण भए पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु.</td><td>४३५,८५९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (तलको तालिका) | |

| विद्यालयको नाम | शिक्षकको नाम | किताव खानावाट पारीत ग्रेड संख्या | ग्रेड दर | भुक्तानी भएको ग्रेड | कं स कोष समेत वढि भुक्तानी |
|---|---|---|---|---|---|
| जनप्रकास माध्यामिक विद्यालय २ कोल्टी | प्रेमराज रेग्मी | ० | १४१३ | ५ | १००३२३ |
| वाधु माध्यामिक विद्यालय भारतिकौसाडी | प्रशाम वुमी | ६ | १००७ | ८ | २८५९८ |
| चन्द्रनाथ आधारभूत विद्यालय जंसाल | पदमवहादुर शाही( चैत्रसम्म ) | ६ | १००७ | ८ | २०९५२ |
| | नैनाचन्द जैशि | ६ | १००७ | ८ | २८५९८ |
| खापर आधारभूत विद्यालय लमालवाडा | गगन वहादुर सिंह | ६ | १००७ | ८ | २८५९८ |
| गंगा आधारभूत विद्यालय साउनेगाउ | पदम वहादुर भण्डारी | ० | १००७ | ८ | ११४३९५ |
| वडीमालिका आधारभूत विद्यालय विरसैन | नवराज पाध्या | ० | १००७ | ८ | ११४३९५ |
| **जम्मा** | | | | | **४३५८५९** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६.८</td><td>२१४</td><td>२०७९-३-२४</td><td>नपुग कर : सिकाइ सहजिकरणका लागी शैक्षिक कार्यक्रम अन्तरगत वुढिनन्दा नगरपालिकाका सम्पूर्ण सामूदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्न टेक वहादुर सुनारसंग प्रति विद्यालय रु. ८,०००।-का दरले संम्झौता गरी २९ विद्यालयमा जडान कार्य गरेवापत रु. २,३२,०००।- भुक्तानी दिएकोमा आयकर ऐन २०५८ को दफा ८७ वमोजिम १५ प्रतिशतले हुने रु. ३४,८००।-कर कट्टि गर्नु पर्नेमा रु २,३२०।- मात्र कर कट्टि गरेकोले नपुग रु. ३२,४८०।-असूल हुनुपर्ने रु.</td><td>३२,४८०</td></tr>
<tr><td>२६.९</td><td></td><td></td><td>स्यानिटरी प्याड : विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई आवश्यक सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी प्राप्त सामान विद्यालयले जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने व्यवस्था कार्यविधिमा उल्लेख छ। पालिकाले यस आर्थिक वर्षमा २१४२५ प्याकेट सेनिटरी प्याड खरिद गरी रु.१४,९९,८२४।- खर्च गरेको छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड विद्यालयलाई हस्तान्तरण गरी विद्यालयहरुले सम्बन्धित छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख राखेको प्रमाण पेश हुनुपर्नेमा सो भएको पाइएन । तसर्थ खरिद भएको सेनिटरी प्याड प्रभावकारी रुपमा उपयोग भएको प्रमाण संलग्न राखि खर्च गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>तलवी प्रतिवेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी वर्षभरी तलव खर्च लेखेको छ।</td><td></td></tr>
<tr><td>२७.२</td><td>१०४</td><td>२०७९-१-११</td><td>बढी भुक्तानीः प्रारम्भिक प्रतिवेदन उपर असूल भौचर पेश भएको आधारमा मिति २०७९।१२।२३ को निर्णयबाट रु. १३,०००।- सम्परीक्षण गरिएको ।</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>कर कट्टी रकम दाखिला नभएकोः आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम कट्टा गरेको कर रकम राजश्व दाखिला गर्नुपर्दछ। निम्नानुसारका कार्यक्रम सञ्चालन गर्दा कट्टा गरिएको कर रकम राजश्व दाखिला नभएकोले असुल गरी राजश्व दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>नाम</th><th>कार्यक्रम</th><th>विवरण</th><th>कर रकम</th></tr>
</table></td><td>१८,७८०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०५-०७९।३।२३</td><td>धर्मराज पाध्याय</td><td>मोवाइल मर्मत सम्वन्धी १ महिने तालिम</td><td>सहभागीहरुलाई भत्ता वितरण गर्दा रु. १४,५८०।- कर कट्टि गरेकोमा उक्त कर रकम दाखिला गरेको प्रमाण पेश नभएकोले असूल हुनुपर्ने रु.</td><td>१४५८०</td></tr>
<tr><td>१५०-०७९।३।२२</td><td>सन्तोष कुमार शाह</td><td>आयुर्वेद शिक्षा कार्यक्रम</td><td>प्रशिक्षक भत्तामा कट्टि गरेको रु. ४,२००।- दाखिला गरेको प्रमाण पेश नभएकोले असूल हुनुपर्ने रु.</td><td>४२००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१८७८०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.४</td><td></td><td></td><td>
औषधि खरिदः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। तर पालिकाले उक्त प्रक्रियावेगर निम्नानुसारको औषधि र औषधिजन्य मालसामान सोझै खरिद गरेको छ ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>खरिद विवरण</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td colspan="4">संघीय सशर्ततर्फ</td></tr>
<tr><td>७७-२०७८/११/२०</td><td>आधारभूत तथा आकस्मिक औषधि खरिद</td><td>ग्लोवल ड्रग सप्लायर्स धनगढी</td><td>९९९६७५</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१४५-२०७९/३/५</td><td>स्यानिटरी प्याड खरिद</td><td>लोमस सर्जिकल हाउस वाके</td><td>१४९९८२४</td></tr>
<tr><td>२०१-२०७९/३/२३</td><td>स्यानिटरी प्याड भेन्डिङ मेसिन</td><td>जिरो टु वन प्रा ली कञ्चनपुर</td><td>९०७२९९</td></tr>
<tr><td colspan="4">पालिका चालुतर्फ</td></tr>
<tr><td>२-२०७८/९/८</td><td>औषधि खरिद</td><td>कमला ईन्टरनेश्नल</td><td>१४१६७२७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८२३५२५</td></tr>
</table>
यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन ।
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्र पत्रिकामा प्रकाशन समेत भएको देखिएन।</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड, उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको र औषधि बिक्रीको लागि होइन भनि खुलाएको प्रमाण समावेश नभएको ।</li>
<li>आपुर्ति भएका औषधी एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न नसकिएको ।</li>
<li>औषधि जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरि ल्याएको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</li>
</ul>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

- औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।

तसर्थ, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरि हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरि अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

</td><td></td></tr>
<tr><td>२७.५</td><td></td><td></td><td>

**बढी संख्याको प्रशिक्षक भत्ता :** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका वमोजिम तालिम सञ्चालनार्थ १ दिनमा अधिकतम ४ कक्षाभन्दा वढि लिन नमिल्ने उल्लेख छ। तर, निम्नानुसारको कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाले तोकेको भन्दा बढी कक्षा सञ्चालनको माग दावी गरको रकम रु. २७९६५ असुल हुनपर्ने रु.

<table>
<tr><th>कार्यक्रम सञ्चालक</th><th>कार्यक्रम</th><th>विवरण</th><th>बढी रकम</th></tr>
<tr><td>स्वास्थ्य निरीक्षक ओम जंग शाही</td><td>बृहत पोषण सम्बन्धी ७ दिने २ शेसन कार्यक्रम</td><td>प्रशिक्षक भत्ताबापत १४ दिनको ४ कक्षाको रु. १४०० दरले ५६ कक्षाको रु. ७८४०० मात्र खर्च माग दावी गर्नुपर्नेमा ७२ कक्षाको रु. १००८०० माग दावि गरेकोले १६ कक्षाको बढी माग गरेको रकम कर कट्टी सहित असूल हुनुपर्ने रु.</td><td>१९०४०</td></tr>
</table>

</td><td>२७,९६५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>एम आई एस अपरेटर पवना कुमारी शाही</td><td>सामाजिक सुरक्षा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत जनप्रतिनिधिहरु, वडा सचिव तथा विषयगत शाखाका प्रतिनिधिहरुलाई १ दिने अभिमुखिकरण कार्यक्रम</td><td>विल भरपाईमा प्रशिक्षक भत्तावापत १ दिनको ४ कक्षाको रु. १५०० का दरले रु. ६००० मात्र खर्च माग दावी गर्नुपर्नेमा ११ कक्षाको माग दावी गरी ७ कक्षाको बढी माग गरिएको रकम कर कट्टी सहित असुल हुनुपर्ने रु.</td><td>८९२५</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७९६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.६</td><td>१५०</td><td>२०७९-३-१२</td><td>प्रशिक्षक भत्ता : सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि तथा निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.४ ले सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार र कार्य सञ्चालन सम्बन्धी खर्चको मापदण्डमा पालिकास्तरमा कक्षा सञ्चालन वापत रु.७००। र कार्यपत्र वापत रु.८००।तोकेको छ जसअनुसार सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको कर्मचारीले कक्षा लिए वापतको पारीश्रमिक नपाउने तर कार्यपत्रको रकम मात्र पाउने व्यवस्था गरेकोमा बिद्यालय आयुर्वेद शिक्षा कार्यक्रममा कार्यालयका कर्मचारीलाइ कक्षा लिएको रकम समेत भुक्तानी दिएको देखिंदा कार्यबिधि तथा निर्देशिका अनुसार नपाउने रकम असुल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>प्रशिक्षक</th><th>कक्षा सख्या</th><th>भुक्तानी हुनु पर्ने रकम</th><th>भुक्तानी भएको रकम</th><th>बढी भुक्तानी रकम कर पछीको</th></tr>
<tr><td>शम्भुकान्त झा</td><td>२</td><td>१६००</td><td>७०००</td><td>४५९०</td></tr>
<tr><td>सन्तोष कुमार शाह</td><td>२</td><td>१६००</td><td>७०००</td><td>४५९०</td></tr>
<tr><td>विरजंग शाही</td><td>२</td><td>१६००</td><td>७०००</td><td>४५९०</td></tr>
<tr><td>दान वहादुर वम</td><td>२</td><td>१६००</td><td>७०००</td><td>४५९०</td></tr>
</table>
</td><td>१८,३६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्मा — १८३६० | |
| २७.७ | | | **राहत वितरण**: कोभिड प्रभावित ५४९ जनालाइ १० हजारका दरले राहत वितरण गर्न रु. ५४ लाख ९० हजार निकासा भएकोमा पुरै रकम खर्च भएको छ तर निर्देशिकामा एकाघर परीवारका कुनै सदस्यले सरकारी निजी वा अन्य कुनै संघ संस्था वा वैदेशिक रोजगारमा स्थायी अस्थायी वा करारमा रोजगारीको अवसर प्राप्त गरी आय आर्जन गरीरहेका, परीवारको कुनै सदस्यले नेपाल सरकारवाट उपलव्ध हुने अन्य सामाजिक सुरक्षा वापतको भत्ता वा नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्थावाट निवृत्तीभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरीरहेका, सञ्चित आय वा पैत्रिक सम्पत्तीवाट तत्कालको आवश्यकता पूरा गर्न सक्ने अवस्था रहेका र प्रधानमन्त्री रोजगार कार्यक्रम वा नेपाल सरकार प्रदेश सरकार वा स्थानिय तहको कार्यक्रम वमोजिम यस प्रयोजनको लागी एक पटक राहतको रुपमा नगद प्राप्त गरेको परीवार राहत प्राप्त गर्न अयोग्य हुने भनि उल्लेख भएकोमा सिफारीस र निर्णयमा माथि उल्लेखित कुराहरुको पूर्ण पालना भएको पाइएन। तसर्थ निर्देशिकामा उल्लेखित शर्तहरुको पूर्ण पालना गरी सिफारीस र निर्णय हुनु पर्दछ। | |
| २८ | | | **कृषि तथा पशुतर्फ**<br><br>**बाखा पकेट कार्यक्रम :** मेडपा कार्यक्रम अन्तर्गत ४२ गोटा उन्नत जातका बाखा किशोर बाखा विकास फर्म डडेल्धुरावाट रु. ४.२०.०००।-मा खरिद गरी वितरण गरेका छन् तर खरिद भएका पशु उन्नत जातका , स्वास्थ्य परीक्षण गराई वीमा गरेका र ट्यागिङ गरी पारदर्शी तवरवाट अभिलेख राखेको देखिएन । तसर्थ तोकिए बमोजिम पशुहरुको स्वास्थ्य परीक्षण, वीमा तथा ट्यागिङ्ग समेत गरी कार्यक्रम संचालन गर्न पालिकाले ध्यान पुऱ्याउनु पर्दछ । | |
| २९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाले आफ्नो क्षेत्र भित्रका वडाहरुमा वाटो निर्माण तथा सडक मर्मत घेरावार लगायतका ८० वटा कार्यक्रम सञ्चालन गरी यस वर्ष ६७५ जनालाई ८ देखि १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला बापत रु. ३,७९,७२,३७०।- खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **नगरपालिका चालुतर्फ** | |
| ३०.१ | | | **खर्च शिर्षक**-आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा रकम स्वीकृत वजेट भित्र र सम्वन्धित शिर्षकमा पर्दछ र खर्च गर्न वाँकी छ भने अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष ९४ जना करारका कमर्चारीको तलव रु. २३,४४,६५५।- अन्य सेवा शुल्कवाट खर्च लेख्नुपर्नेमा कर्मचारीको पारीश्रमिकवाट खर्चे लेखेको देखियो । यसरी सम्वन्धित शिर्षकवाट खर्च नलेखि फरक शिर्षकवाट खर्च लेखेको नियमसम्मत नदेखिएको रु. | २,३४४,६५५ |
| ३०.२ | | | **स्थानीय भत्ता** - नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१।२१ को निर्णय अनुसार दरवन्दी भित्रका करार कर्मचारीहरुलाई दिने सुबिधा सम्वन्धी मिति २०७४।१।२५ को पत्राचारमा करार कर्मचारीहरुको सेवा सुबिधामा स्थानीय भत्ता उल्लेख नभएकोले करार कर्मचारीहरुलाई महङ्गि भत्ता र स्थानीय भत्ता उपलव्ध गराउन नमिल्ने देखिन्छ । तर पालिकाले करारमा नियुक्ती भएका निम्नानुसार कर्मचारीलाई नगरसभावाट निर्णय गरी स्थानीय र महङ्गी भत्ता भुक्तानी दिएको देखिन्छ । पालिकाले करारका कर्मचारीलाई भुक्तानी दिएको स्थानीय र महङ्गी भत्ता नियमसम्मत नदेखिएको रु. | ३३१,४४० |

| कर्मचारीको नाम | भुक्तानी भएको महिना | दर | जम्मा भुक्तानी रकम |
|---|---|---|---|
| ई.श्री मनोज कुमार गिरी | १२ | १३८१० | १६५७२० |
| सुचना प्रविधि अधिकृत श्री उपेन्द्र राज रेग्मी | १२ | १३८१० | १६५७२० |
| **जम्मा** | | | ३३१४४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **मूल्य अभिबृद्धि करमा दर्ता नभएको संग कारोवार**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले वीस हजार रुपैया भन्दा बढी रकमको खरिद गर्दा आन्तरिक राजस्व कार्यालयवाट मुल्य अभिबर्द्धी दर्ता प्रमाणपत्र प्राप्त फर्म संग मात्र खरिद गर्नुपर्ने उल्लेख छ ।पालिकाले मुल्य | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अभिबृद्धी कर लाग्ने बिभिन्न मालसामान खरिद गर्दा एकै दिनमा एक भन्दा बढी विलवाट र १ महिनामा पटक पटक गरी बीस हजार भन्दा कमको विल वनाई मुल्य अभिबृद्धी करमा दर्ता नभएका संग खरिद गरेको देखियो । पालिकाले नियममा भएको व्यवस्था विपरीत मुल्य अभिबृद्धी कर दर्ता नभएका संग खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>फर्मको नाम</td><td>खरिदको विवरण</td><td>कैफियत</td><td>भुक्तानी रकम</td></tr>
<tr><td rowspan="3">३८-०७८।६।१५</td><td>जिपि कम्प्युटर एण्ड स्टेशनरी सेन्टर</td><td>कार्यालय सामान</td><td>१ महिनामा १० बिलवाट खरिद</td><td>९८५००</td></tr>
<tr><td>बैष्णवी ईन्टरप्राईजेज</td><td>कार्यालय सामान</td><td>१ महिनामा ८ बिलवाट खरिद</td><td>१५४५००</td></tr>
<tr><td>बिश्व कम्प्युटर</td><td>कार्यालय सामान</td><td>१ महिनामा ४ बिलवाट खरिद</td><td>७८०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३३१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td>२९१</td><td>२०७८-१२-३०</td><td>वितरण भरपाई नभएको<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले जगन्नाथ छापाखाना वाट विपद व्यवस्थापनको लागि १०० वटा त्रिपाल खरिद वितरण गरी रु.२,८८,१५०।- खर्च लेखेकोमा सम्वन्धित लाभग्राहिले बुझिलिएको भरपाई संलग्न नभएकोले त्रिपाल वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.</td><td>२८८,१५०</td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सम्वन्धित फर्मलाई भुक्तानी</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पालिकाले मालसामान खरिद र निर्माण कार्य लगायत अन्य कार्यको खर्च रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म, आपुर्तीकर्ता र निर्माण व्यवसायीको नाममा भुक्तानी गर्नुपर्दछ । पालिकाले बिभिन्न फर्मको भुक्तानी रकम एउटै फर्मको नाममा गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा निम्नानुसारको कारोवार रकम भुक्तानी गर्दा सम्वन्धित व्यक्ति, फर्म र आपुर्तिकको नाममा भुक्तानी नगरी उएटै फर्मको नाममा भुक्तानी गरेको देखियो । पालिकाले यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

| गोश्वरा भौचर नं र मिति | फर्मको नाम | खरिदको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ३८÷०७८।६।१५ | जिपि कम्प्युटर एण्ड स्टेशनरी सेन्टर | कार्यालय सामान | ९८५०० | खरिद रकम रु. ६,४०,८४०।- मध्ये कर कट्टी पछिको रकम बैष्णवी ईन्टरप्राईजेजको नाममा मात्र चेक जारी गरेको |
| | बैष्णवी ईन्टरप्राईजेज | कार्यालय सामान | १५४५०० | |
| | बिश्व कम्प्युटर | कार्यालय सामान | ७८००० | |
| | जगन्नाथ छापाखाना | कार्यालय समान | ३०९८४० | |
| १३३÷०७८।९।१६ | जिपि कम्प्युटर एण्ड स्टेशनरी सेन्टर | कार्यालय सामान | १९३३२५ | खरिद रकम रु. ६,२२,६३८।- मध्ये कर कट्टी पछिको रकम बैष्णवी ईन्टरप्राईजेजको नाममा मात्र चेक जारी गरेको |
| | बैष्णवी ईन्टरप्राईजेज | कार्यालय सामान | २१६५०० | |
| | जगन्नाथ छापाखाना | कार्यालय समान | २१२८१३ | |
| **जम्मा** | | | **१२६३४७८** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । नगरपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ । यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>खर्च व्यहोरिएको कार्यालय</td><td>प्रयोजन</td><td>खर्च रकम</td></tr>
<tr><td>१५-०७८।९।८</td><td>ईलाका प्रहरी कार्यालय कोल्टी</td><td>भवन निर्माणको लागि जग्गा खरिद</td><td>२२२८२८१</td></tr>
<tr><td>३४२-०७९।३।२५</td><td>९ नं वडाको प्रहरी चौकी</td><td>घरभाडा</td><td>९६०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२१३२२८१</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td>घरभाडा<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन कार्यालय जिल्ला विकास समिति र को. ले. नि. का. को सूचना पाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडा कार्यालय लगायत अन्य कार्यका लागी घरभाडा र जग्गा भाडा वापत बापत रु. १५,८४,०००।- भुक्तानी गरेकोमा नियमावलीमा भएको व्यवस्था बमोजिम घरभाडा निर्धारण समितिले घरभाडा रकम तय गरेको देखिएन । पालिकाले ऐन नियममा भएको व्यवस्थाको पुर्ण पालना गरेर मात्र खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>छात्रबृत्ति कार्यक्रम<br><br>पालिकाले सक्षम छोरी छात्रबृती कोष संचालन कार्यबिधि २०७८ बमोजिम यस बर्ष प्राबिधिक बिषयमा अध्ययनरत १५ जना छात्रालाई प्रति व्यक्ति १९००० को दरले रु. २,८५,०००।- भुक्तानी गरेको छ । कार्यबिधिमा छात्रबृति वितरण गर्दा सामुदायिक बिद्यालयमा अध्ययनरत बिद्यार्थिलाई पहिलो प्राथामिकता दिने उल्लेख भएकोमा यस बर्ष छात्रबृति प्रदान गरिएका १५ जना बिद्यार्थी मध्ये ४ जना छात्राहरुले एस.ई.ई. बोर्डीङ स्कुलवाट पास गरेको देखिन्छ । पालिकाले कार्यबिधिमा उल्लेख भएबमोजिम छात्रबृती वितरण गर्दा सामुदायिक बिद्यालवाट एस.ई.ई. पास गरी प्राविधिक बिषयमा अध्ययनरत गरिव तथा जेहेन्दार छात्रालाई प्राथमिकतामा राख्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>दोहोरो तलव भुक्तानी<br><br>पालिकाले बडिमालिका प्राथामिक बिद्यालयका निम्नानुसार सहजकर्ता शिक्षक र बिद्यालय कर्मचारीलाई तस्रो त्रैमासिकको चलव भुक्तानी गर्दा छुट तलव भनि भुक्तानी दिएकोमा निज शिक्षकहरुलाई छुट भनिएको अबधिको तलव भत्ता खर्च लेखि सकेको देखिएकोले छुट भनि थप तलव भुक्तानी गर्दा दोहोरो तलव भुक्तानी भएको देखिन्छ । पालिकाले दोहोरो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>कर्मचारीको नाम</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td rowspan="3">१०-२०७८।१२।२९</td><td>लक्ष्मिराज उपाध्याय</td><td>१४०००</td><td>२ महिनाको छुट</td></tr>
<tr><td>जनदेबी पाध्या</td><td>१४०००</td><td>२ महिनाको छुट</td></tr>
<tr><td>सुनकोशी जैसी पाध्या</td><td>१४०००</td><td>२ महिनाको छुट</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४२०००</td><td></td></tr>
</table></td><td>४२,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **स्वयं सेवक शिक्षक करारमा नियुक्त**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा पालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैन । त्यस्तै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ भने कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा अनुमती प्राप्त गरि संचालनमा रहेका र कुनैपनि दरवन्दी तथा राहात अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापन गर्न अनुदान दिन सकिने व्यवस्था छ । उल्लेखित व्यवस्था विपरित पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका बिभिन्न बिद्यालयको लागि स्वयंसेवक शिक्षक करारमा नियुक्ति गरी यस बर्ष रु. ९९,९४,२६८।- सम्वन्धित बिद्यालयलाई निकासा दिएको छ । माथि उल्लेखित व्यवस्था विपरित पालिकाले आफ्नो आन्तरिक आयको स्रोत न्युन भएको अवस्थामा करारमा स्वयंसेवक शिक्षक नियुक्ति गरेको कानुन सम्मत देखिदैन । | |
| ३९ | १५ | २०७८-१२-२८ | **बढी भुक्तानी**<br><br>७५ प्रतिशत फलफुलको विरुवा वितणमा अनुदान कार्यक्रम अन्तर्गत कार्यक्रम संचालनको लागि ना.प्रा.स. श्री दिपक कार्कीले लिएको पेश्की फस्यौंट गर्दा पेश गरेको विल भरपाई अनुसार २५०० स्याउको बोट सृजनशिल फलफुल नर्सरी उद्योगवाट रु.१,९२,५००।- मा खरिद गरी वितरण गरेको देखिन्छ । स्वीकृत कार्यक्रम अनुससार स्याउको विरुवाको खरिदको ७५ प्रतिशत मात्र पालिकाले भुक्तानी दिनु पर्नेमा शतप्रतिशत भुक्तानी दिएकोले बढी भुक्तानी दिएको रु. ४८,१२५।- असुल गर्नुपर्ने रु. | ४८,१२५ |
| ४० | | | **भ्रमण खर्च**<br><br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई यस बर्ष रु. ५८,९६,४२५।- भ्रमण खर्च भुक्तानी गरेको देखिन्छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन पालिकाको कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कर्मचारी तथा पदाधिकारीको भ्रमणको उद्देश्यमा पालिकाको कामकाज उल्लेख गरी पटक पटक पालिकावाट धनगढी र काठमाडौं गएको देखिएको ।<br>• पालिका भित्र भ्रमणमा गएको अवस्थामा समेत भ्रमण खर्च भुक्तानी गरेको ।<br><br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ४१ | | | **नगरपालिका पुँजिगततर्फ** | |
| ४१.१ | 123 | २०७८-११-२२ | **प्रतिलिपी कर विजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४(१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा विक्रि गर्दा प्रापकलाई कर विजक दिनुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि बाहेक प्रापकलाई अनुसूची ५ र ५ (ख) बमोजिमको ढाँचामा कर विजक दिनु पर्ने व्यवस्था छ। पालिकाको प्रशासकीय भवनको इन्टेरिएर डिजाइन कार्यको लागि डिजाइन क्रिएशन प्रा.लि. ले प्रतिलिपी कर विजक पेश गरेको आधारमा पालिकाले विल रकम रु. ४,००,०००।- मा रु. ५२,०००।- मू.अ.कर थप गरी भुक्तानी दिएको देखिएकोले उक्त फर्मलाई भुक्तानी भएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५२,००० |
| ४१.२ | 52 | २०७८-९-२६ | **विल वेगरको प्रोभिजनल समः** कोल्टी बजारको सडक ढलान र ड्रेन बनाउने कार्यको निर्माण व्यवसायी श्री लोकमणी कन्सट्रक्सन एण्ड अर्डर सप्लायर्स र पालिका बीच भएको खरिद सम्झौतामा प्रोभिजनल सम अन्तर्गत व्यवस्था गरीएको रकम खर्च गर्दा पालिकाको प्रशासन प्रमुखको पूर्व स्वीकृति लिनु पर्ने र त्यस्तो कार्यमा भएको यथार्थ खर्चको विल विजक पेश गरी सोधभर्ना लिनुपर्ने उल्लेख छ। यस कोल्टी बजार सडक ढलान र ड्रेन बनाउने कार्यका लागि रु. २२,८६,१६४।- कवोल गर्ने लोकमणी कन्सट्रक्सन एण्ड सप्लायर्सलाई पालिकाले प्रथम विलको रु. ११,७९,६७७।- र दोस्रो तथा अन्तिम विलको रु. १०,११,६६४।- भुक्तानी गरेको छ। दोस्रो तथा अन्तिम विलको उक्त रकम भुक्तानी गर्दा ल्यावटेष्ट वापतको रु. ४०,०००।- मा मू.अ. कर थप समेत रु. ४५,२००।- भुक्तानी दिएकोमा निर्माण सामाग्री प्रयोग गर्नु पूर्व समाग्रीको ल्याव टेष्ट गरेको प्रमाण र रकम भुक्तानी गरेको कर विजक पेश भएको छैन। प्रोभिजनल समको भुक्तानी गर्नु पूर्व निर्माण सेवाले ल्याव टेष्ट गरेको प्रमाण सहित कर विजक पेश गरे पश्चात पालिकाले उक्त खर्चको सोधभर्ना दिनु पर्नेमा सो वेगर रकम भुक्तानी दिएकोले निर्माण सेवाबाट उक्त रकम असुल हुनुपर्ने रु. | ४५,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **विल विजकको भुक्तानी**<br><br>खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा उल्लेख छ। यस नगरपालिका कार्यालयबाट खरिद सम्झौता भएका तपशिलका निर्माण कार्यको भुक्तानी भएको रनिङ्ग विल र सम्बद्ध नापी किताव परीक्षण गर्दा देखिएका व्यहोरा यस प्रकार छन। | |
| ४२.१ | २० | २०७८-९-११ | दुनुवामाण्डौं मन्दिर निर्माण कार्यको रु. ४६,८७४।- मूल्यांकन गरी पालिकाले उपभोक्ता समितिलाई रु. २८,८००।- भुक्तानी दिएको छ। भुक्तानीसँग सम्वन्धित नापी किताव परीक्षण गर्दा सुख्खा ढुङ्गाको गाह्रो लगाउने कार्य अन्तर्गत १५.४ मी. लम्बाई, ०.४० मी. मोटाई र १ मिटर उचाईको जम्मा ६.१६ घ.मि.को मात्र कार्य भएकोमा नापीमा १५.४ घ.मी. देखाई प्रति घ.मी. रु. ३०४३.८० ले खर्च लेखेको पाइयो। अतः नभएको कार्यको फरक नापी देखाई ९.२४ घ.मी.को सुख्खा पर्खालको बढी खर्च लेखेको रु. २८,१२५।- असुल हुनुपर्ने रु. | २८,१२५ |
| ४२.२ | ८० | २०७८-१०-२५ | माथिल्लो टिमुर सिँचाई नहर निर्माण कार्यको प्राविधिक मूल्यांकन रु. २४,०५,२३५।- भई पालिकाले यस नहर निर्माण कार्यका उपभोक्ता समितिको नाममा रु.१९,२०,०००।- भुक्तानी खर्च लेखेको छ। उक्त खर्चसँग सम्बद्ध नापी किताव परीक्षण गर्दा माटो काट्ने कार्य १३५.९५ घ.मी., १:४ को मेशनरी पर्खालको कार्य ८८.९२ घ.मी., पि.सि.सि. को कार्य १५.११ घ.मी, ढुङ्गाको सोलिङ्ग कार्य १४.९२ घ.मी. र २० एम एम वाक्लो सिमेन्ट प्लाष्टरको कार्य ८७.५२ वर्गमिटर कार्यको प्राविधिक मूल्यांकन भएको तर प्राविधिक मूल्यांकन नभएको २X१X१ मेस साइजको ३० थान मात्र ग्याविन जालीको प्रति थान रु. २९२७.५९ ले रु. १,१७,८२८।- र उक्त ३० थान ग्याविन जालीमा ६० घ.मी. ढुङ्गा भरेको प्रति घ.मी. रु. ४५०२.५० ले रु. २,७०,१५०।- समेत जम्मा ३,८७,९७८।- को यस निर्माण कार्यको रनिङ्ग विलबाट खर्च लेखेको पाइयो। अतः प्राविधिक मूल्यांकन नभई नापी किताबमा प्रविष्टि नभएको ३० थान ग्याविन जाली र उक्त जालीमा ढुङ्गा भर्ने कार्य वापत ६० घ.मी. ढुङ्गा भरेको खर्च लेखेको रु. ३,८७,९७८।- रकम सम्बन्धित उपभोक्ता समितबाट असुल हुनुपर्ने रु. | ३८७,९७८ |
| ४२.३ | १३६ | २०७८-१२-१४ | प्राविधिक मूल्यांकन रु.३,६०,०५४।- भएको नौमुले देखि चडिपानी खानेपानी आयोजनाको मर्मत कार्यवापत पालिकाले उपभोक्ता समितिलाई रु. २,८८,०००।- भुक्तानी दिएको छ। भुक्तानी सम्बद्ध नापी किताव परीक्षण गर्दा १:४ को मेशनरी पर्खालको तपशिल | १०७,८९४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बमोजिमको खुद कार्य परिमाण २.७४२ घ.मी. भएकोमा नापी फरक पारी ९.१४ घ.मी. देखाई प्रति घ.मी. रु.१६८६३.७१ ले भुक्तानी भएकोले देखिएकोले नभएको ६.३९८ घ.मी. मेशनरी पर्खालको रु. १,०७,८९४।- बढी खर्च लेखेको पाइयो। अतः नभएको मेशनगरी पर्खालको भएको भनी ६.३९८ घ.मी. को बढी नापी गरेको उक्त रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>इकाई</th><th>लम्बाई</th><th>चौडाई</th><th>उचाई</th><th>खुद भएको परिमाण (घ.मी.)</th></tr>
<tr><td>Intake-1 long wall</td><td>२</td><td>१ मी</td><td>०.३० से.मी.</td><td>०.८० से.मी.</td><td>०.४८</td></tr>
<tr><td>wing wall</td><td>२</td><td>०.४० मी.</td><td>०.३० से.मी.</td><td>०.८० से.मी.</td><td>०.१९२</td></tr>
<tr><td>catchment wall</td><td>१</td><td>१.८० मी.</td><td>०.३० से.मी.</td><td>०.५० से.मी.</td><td>०.२७</td></tr>
<tr><td>Intake - 2 long wall</td><td>२</td><td>१.८० मी.</td><td>०.३० से.मी.</td><td>१ मी.</td><td>१.०८</td></tr>
<tr><td>short wall</td><td>२</td><td>१.२० मी.</td><td>०.३० से.मी.</td><td>१ मी.</td><td>०.७२</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२.७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.४</td><td>१८७</td><td>२०७९-१-१४</td><td>१८७।०७९।१।१४ चैकीलेक मन्दिर निर्माण कार्यको रु. १२५३२७ कामको मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ९६,०००।- भुक्तानी दिएको छ। यस मन्दिर निर्माण कार्य अन्तर्गत ७ मिटर लम्बाई, ०.५० मी मोटाई र २.६० मिटर उचाइको १ एक सुख्खा ढुङ्गाको पर्खालमा ९.१ घ.मी. को प्रति घ.मी. रु. ४१४३.८० ले रु. ३७,७०९।- मात्र खर्च लाग्नेमा नापी फरक पारी १८.२ घ.मी.</td><td>३७,७०९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>को रु. ७५,४१७।- खर्च लेखेकोले नभएको ९.१ घ.मी. सुख्खा ढुङ्गाको पर्खालको रु. ३७,७०९।- बढि खर्च लेखेकोले बढी खर्च लेखेको रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४२.५</td><td>१९८</td><td>२०७९-१-१५</td><td>कैलाश मन्दिर निर्माण कार्यको रु. १,२६,८४९।- मूल्यांकन गरी पालिकाले यस निर्माण कार्यका उपभोक्ता समितिलाई रु. ९६,०००।- भुक्तानी दिएको छ। मन्दिर निर्माण कार्यको नापी किताव परीक्षण गर्दा ७ मिटर लम्बाई, ०.५० मिटर मोटाई र २.५ मिटर उचाईको एउटा सुख्खा ढुङ्गाको पर्खाल लगाउन जम्मा ९.४५ घ.मी. को प्रति घ.मी. रु. ४१४३.८० ले रु. ३९,१५९।- खर्च लाग्नेमा फरक नापी गरी १८.९० घ.मी. को रु. ७८,३१८।- खर्च लेखेकोले बढी खर्च लेखेको रु. ३९,१५९।- सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.</td><td>३९,१५९</td></tr>
<tr><td>४२.६</td><td>२९२</td><td>२०७९-३-५</td><td>पालिकाले कूलाचौर फिल्ड निर्माण तथा ग्याविन जाली भर्ने कार्यको रु. ७,५०,०००।- मूल्यांकन गरी उपभोक्ता समितिलाई रु. ७,२०,०००।- भुक्तानी दिएको छ। नापी किताव परीक्षण गर्दा यस निर्माण कार्यमा २X१X१ मेस साइजको २७ थान र १.५X१X१ मेस साइजको ११ थान समेत जम्मा ३८ थान ग्याविन जाली प्रयोग भई सो ३८ थान ग्याविन जालीमा ढुङ्गा भर्न ७०.५० घ.मी. खर्च भएको देखिन्छ। तर रनिङ्ग विलबाट २X१X१ मेस साइजको ४६ थान र १.५X१X१ मेस साइजको ५१ थान समेत जम्मा ९७ थान ग्याविन जाली खर्च लेखेकोले तपशिल बमोजिम २X१X१ मेस साइजको १९ थान ग्याविन जालीको प्रति जाली थान रु. ३९२७.५९ ले रु. ७४,६२४।- र ४० थान ग्याविन जालीको प्रति जाली थान रु. २९२२.६८ ले रु. १,१६,९०७।- समेत जम्मा रु. १,९१,५३१।- बढि भुक्तानी भएकोले खर्च नभएको ५९ थान जालीको बढी खर्च लेखेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>ग्याविन जालीको साइज</th><th>रनिङ्ग विलमा देखाएको</th><th>नापीमा देखाएको</th><th>बढी थान</th><th>भुक्तानी दर</th><th>बढी भुक्तानी रकम</th></tr>
<tr><td>२X१X१</td><td>४६ थान</td><td>२७ थान</td><td>१९ थान</td><td>३९२७.५९</td><td>७४६२४</td></tr>
<tr><td>१.५X१X१</td><td>५१ थान</td><td>११ थान</td><td>४० थान</td><td>२९२२.६८</td><td>११६९०७</td></tr>
</table></td><td>१९१,५३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>१९१५३१</td></tr></table></td><td></td></tr>
<tr><td>४२.७</td><td>३१७</td><td>२०७९-३-१५</td><td>कामको मूल्यांकन रु. २,४३,२६७।- भएको बुढा खराक खानेपानी आयोजनाको मर्मत कार्यको लागि पालिकाले उपभोक्ता समितिलाई रु. १,९२,०००।- भुक्तानी दिएको छ। यस खानेपानी आयोजना अर्न्तगत १८५ मिटर पाइप लाईन खनेको तथा पाइपलाइन पुरेको १८५ मिटर को प्रति घ.मी. क्रमश रु. ६५६.६३ र रु. २१८.८८ ले खर्च लेखेको रनिङ्ग विल तथा नापी कार्य गरी खर्च लेखेको नापी किताबमा ५० एम एमको ६ के.जी. प्रेसरको ११० मीटर एच.डि.पि.ई. पाइप लेइङ्ग गरेको पाइयो। खानेपानीको एच.डि.पि.ई. पाइप लेइङ्ग गरेको लम्बाई बराबर मात्र पाइपलाइन खनेको तथा पुरेको लम्बाईको खर्च लेख्नुपर्नेमा पाइप खपत लम्बाई भन्दा ७५ मिटर बढी लम्बाई पाइप लाइन खनेको तथा पुरेको खर्च लेख्दा तपशिल बमोजिम खनेको २४ घ.मी. र पुरेको २४ घ.मी. को रु. २१,०१२।- बढी खर्च लेखेकोले बढी खर्च लेखेको रकम उपभोक्ता समितिबाट असुल हुनुपर्ने रु.
<table>
<tr><th>विवरण</th><th>लम्बाई (मि)</th><th>चौडाई (मि)</th><th>उचाई (मि)</th><th>घ.मी.</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>पाइप लाइन खन्ने बढी</td><td>७५</td><td>०.४</td><td>०.८</td><td>२४</td><td>६५६.६३</td><td>१५७५९</td></tr>
<tr><td>पाइप लाइन पुरेको बढी</td><td>७५</td><td>०.४</td><td>०.८</td><td>२४</td><td>२१८.८८</td><td>५२५३</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२१०१२</td></tr>
</table></td><td>२१,०१२</td></tr>
<tr><td>४२.८</td><td></td><td>२०७९-३-१७</td><td>नरिघाट लघु जलविद्युत निर्माण कार्य वापत प्राविधिक मूल्याकन रु. ११३२८७८ भई पालिकाले निर्माण कार्यका उपभोक्ता समितिलाई रु. ९,०२,४००।- भुक्तानी गरेको सम्बद्ध नापी किताव परीक्षण गर्दा माटो काट्ने कार्य अन्तर्गत नरम माटो ६०९.०४ घ.मी., कडा माटो ४३९.०९ घ.मी र नरम/मध्यम चट्टान २८९.७५ घ.मी. र विद्युतसँग सम्बन्धित रु. ४४०५२१.१५ को सामाग्री खरिद कार्य मात्र भएको देखिएकोमा निर्माण कार्यको रनिङ्ग विलमा नरम माटो ६०९.०४ घ.मी., कडा माटो ४३९.०९ घ.मी., नरम/मध्यम चट्टान २८९.७५ घ.मी. को काट्ने कार्य, रु. ४४०५२१.१५ को विद्युत सामाग्री खरिद कार्य, प्रति घ.मी. १६६२९.९७ को दरले २१.६० घ.मी. को १:४ को मेशनरी पर्खाल र प्रति ब.मी. रु. ६९५ ले ६० ब.मी. को सिमेन्ट प्लष्टर कार्य गरेको उल्लेख गरी खर्च लेखेको</td><td>४००,९०७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | पाइयो। प्राविधिक मूल्यांकन र नापी बमोजिमको मात्र रनिङ्ग विल तयार गरी खर्च लेख्नुपर्नेमा नापी कार्य नभएको तपशिलका २ आइटम थप समेतको रनिङ्ग विलमा समावेश गरी खर्च लेखेकोले नभएको कार्यको भनी भुक्तानी भएको २१.६० घ.मी. मेशनरी वालको रु. ३,५९,२०७।- र ६० ब.मी. प्लाष्टर कार्यको रु. ४१७० समेत जम्मा रु. ४,००,९०७।- असुल हुनुपर्ने रु. | |

| विवरण | परीमाण | दर | रकम |
| --- | --- | --- | --- |
| १:४ को मेशनरी पर्खाल | २१.६० घ.मी. | १६६२९.९७ | ३५९२०७ |
| सिमेन्ट प्लष्टर कार्य | ६० ब.मी. | ६९५ | ४१७०० |
| **जम्मा** | | | **४००९०७** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ४२.९ | ३४० | २०७९-३-२५ | बड्डाला मालिका तलिगोठी नुरीकाँध सडक निर्माण कार्यको रु. ९,८१,५७४।- मूल्यांकन गरी पालिकाले डि.यु.एस. सिंह ब्रदर्श कन्सट्रक्सनलाई सोही बमोजिम भुक्तानी दिएको छ। यस निर्माण कार्य अन्तर्गत सडक काट्ने कार्यको Earth work calculation sheet परीक्षण गर्दा जम्मा ९३६.१ घ.मी. सडक खन्ने कार्य भएको तर रनिङ्ग विलबाट ९४८.१४ घ.मी. को खर्च लेखेकोले नभएको १२.०४ घ.मी. कडा चट्टान खन्ने कार्य भएको भनी प्रति घ.मी. रु. १७०० ले रु. २०,४६८।- बढी भुक्तानी दिएकोले निर्माण सेवाबाट असुल हुनुपर्ने रु. | २०,४६८ |
| ४३ | | | **प्रशासकिय भवन निर्माण**<br><br>कवोल अंक रु. ७,४३,४३,४४०.७८।- भएको पालिकाको प्रशासनिक भवन निर्माण कार्यको लागि मिति २०७९।३।२० भित्र निर्माण कार्य सम्पन्न गर्ने गरी थोदुङ्ग निर्माण सेवा र बुढीनन्दा नगरपालिका बीच २०७६।३।२३ मा सम्झौता भएको थियो। प्रशासनिक भवन निर्माण कार्य वापत निर्माण सेवालाई १२ औं आई.पि.सि. सम्म पुरानो आइटमको भेरिएशन समेत जनरल आइटमको रु. १३५६००, सिभिल कार्यको रु.६,६६,००,७२५।४६, स्यानिटरी कार्यको रु. १३,०३,५६८।- इलेक्ट्रिकल्स कार्यको रु. ४६,२८,३६७।- र नयाँ आइटमको भेरिएशनको रु. ८०,९२,३८५.२४।- समेत रु. ८,०७,६०,६४६।- र १ देखि १२ औं | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आई.पि.सि. सम्मको निर्माण कार्यको मूल्य समायोजन वापत रु. ५२,९२,९२८।- थप समेत पालिकाले जम्मा रु. ८,६०,५३,५७४।- भुक्तानी दिएको छ।यस सम्बन्धमा देखिएका व्यहोरा यस प्रकार छन्। | |
| ४३.१ | ७४ | २०७८-१०-२४ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।विल अफ क्वान्टिटीको आईटम नं. २० मा ७५X१२५ एम एमको साल काठ (Hard Wood) चौकटको लागि ३.९१ क्यूविक मिटरको प्रति क्यूविक मिटर रु. ३२५१५५.६० विभागिय दर कायम भएकोमा निर्माण सेवाले प्रति क्यूविक मिटर रु. २,५०,०००।- का दरले कवुल गरेको थियो।निर्माण सेवालाई पालिकाले आठौं आई.पि.सि. को रु. ७८,७०,२९४.१२।- रकमको नापी गरी भुक्तानी गरेको सम्बद्ध नापी किताव परीक्षण गर्दा १८ वटा $D_3$ ढोकाको लागि ०.७३ क्यूविक मीटर, ३२ वटा $D_4$ ढोकाको लागि १.२५ क्यूविक मीटर र १२ वटा $D_5$ ढोकाको लागि ०.४५ क्यूविक मिटर समेत जम्मा २.४२ क्यूविक मीटर नापी गरी प्रति क्यूविक मीटर रु. २,५०,०००।- ले जम्मा रु. ६,०५,०००।- मा १३ प्रतिशत मू.अ.कर थप गरी रु. ६,८३,६५०।- भुक्तानी दिएको छ।भवन निर्माण कार्यको खरिद सम्झौता तथा विल अफ क्वान्टिटीमा उपरोक्त ६२ वटा ढोकाको चौकटमा सालको काठ प्रयोग गर्नुपर्ने उल्लेख भएकोमा प्रशासनिक भवनको मिति २०७९।६।२८ मा पालिकाका प्रतिनिधि तथा कार्यकारी सहित स्थलगत निरीक्षण गर्दा ६२ वटा ढोकाको २.४२ क्यूविक मीटर स्थानीय सल्ला जातको (Local Wood) चौकट प्रयोग भएको पाइयो।सालको काठको चौकट प्रयोग गर्नुपर्नेमा भेरिएशनको प्रकृया पुरा नगरी सल्लाको चौकट राखी सालको काठको दरमा भुक्तानी गर्न मिल्ने देखिदैन।विभागिय दर विश्लेषण गर्दा सल्ला जातको काठको चौकट प्रति क्यूविक मीटर रु. ८१,०००।- पर्न जाने देखिएको र सुरुमा सालको काठको चौकटमा निर्माण सेवाले विभागिय दर भन्दा २३ प्रतिशत घटीमा कार्य गर्न स्वीकार गरेकोले सल्ला जातको काठको चौकटको निर्माण सेवाको कवुल दर प्रति क्यूविक मीटर रु. ६२,३७०।- पर्न जाने देखिएकोले उपरोक्त २.४२ क्यूविक मीटर चौकटको मूल्य रु. १,५०,९३५।- मा १३ प्रतिशत मू.अ.कर थप गर्दा रु. १,७०,५५७।- मात्र भुक्तानी गर्न मिल्नेमा रु. ६,८३,६५०।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु. ५,१३,०९३।- निर्माण सेवाबाट असुल हुनुपर्ने रु. | ५१३,०९३ |
| ४३.२ | ११५ | २०७८-११-१८ | विल अफ क्वान्टिटीको Supply and laying of glazed tiles on wall in cement sand mortar (1:4) ratio with approved color on wall and floor को कार्यको आठौं नापी सम्म १७०.९१ ब.मी. र नवौं नापीबाट ४३.५७५ ब.मी. समेत जम्मा २१४.४९ ब.मी.को नापी गरी नवौं विल सम्म प्रति ब.मी. रु. ३५०० ले खर्च लेखेको पाइयो।नवौं नापीबाट ४३.५७५ ब.मी. कार्य भएको यस आइटमको नापी किताव परीक्षण गर्दा तपशिल बमोजिम १८.६३४ ब.मी. को मात्र कार्य भएकोमा नापी फरक देखाई ४३.५७५ ब.मी.को खर्च लेख्दा नभएको २४.९१ ब.मी. को मू.अ.कर थप समेत रु. ९८,५१९।- बढी भुक्तानी हुन गएकोले असुल हुनुपर्ने रु. | ९८,५१९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>विवरण</th><th>क्षेत्रफल</th><th>परिमाण (ब.मी.)</th></tr>
<tr><td>Attached toiled for Mayor</td><td>१X१.९५X३.३X२.१</td><td>१३.५१</td></tr>
<tr><td>Attached toiled for Deputy-Mayor</td><td>१X२.४०X२.२२५X२.१</td><td>११.२१४</td></tr>
<tr><td>Attached toilet for Division Chief</td><td>१X१.५०X१.८X२.१</td><td>५.६७</td></tr>
<tr><td>Deduction for door & window</td><td>३X१X२.१</td><td>-६.३</td></tr>
<tr><td>Deduction for door & window</td><td>१X१.८०X१.३</td><td>-२.३४</td></tr>
<tr><td>Deduction Part</td><td>१X२.४०X१.३</td><td>-३.१२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१८.६३४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४३.३</td><td></td><td></td><td>नपाउने मूल्य समायोजनः ब्राह महिना भन्दा बढी अवधीको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त व्यक्तिले मूल्य समायोजन गर्न सक्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ मा उल्लेख छ भने सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली ०६४ को नियम ११९(१) मा रहेको छ। करिव ३ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी पालिका र थोदुङ्ग निर्माण सेवा बीच २०७६।३।२३ मा भएको भवन निर्माण कार्यको खरिद सम्झौताको जि.सि.सि. ४५ मा मूल्य समायोजनको सम्वन्धमा SCC मा उल्लेख भएबमोजिम हुने उल्लेख छ । साथै सोही खरिद सम्झौताको special conditions of contract (SCC) खण्डमा The contract is not subject to price adjustment र limited to a maximum 0 % of the initial contract amount भन्ने उल्लेख गरेको पाइयो। खरिद सम्झौताको उपरोक्त special condition of contract मा भएको विशेष शर्तमा निर्माण व्यवसायीलाई यस निर्माण कार्य वापत मूल्य</td><td>५,२८१,६२७.७३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | समायोजन गर्न नसकिने स्पष्ट गरेको छ। खरिद सम्झौताको special condition of contract मा मूल्य समायोजन गर्न नसकिने उल्लेख भएता पनि पालिकाले गोश्वरा भौचर नं ११५-०७८।११।१८ मा निर्माण व्यवसायीलाई नवौं विल भुक्तानी गर्दा आई.पि.सि. १ देखि ९ औं आई.पि.सि.सम्मको विल खर्च भुक्तानी गर्दा रु. २६,९५,३०२।१८ र १४६-०७८।१२।१७ मा आई.पि.सि. १० को विल भुक्तानी गर्दा रु. ५,५८,४३०।८२, १७९-०७९।१।१९ मा आई.पि.सि. ११ को विल भुक्तानी गर्दा रु. १०,९२,६९०.०३।- र १-०७९।२।२० मा आई.पि.सि. १२ को विल भुक्तानी गर्दा रु. ३,२७,५८३।८१ समेत जम्मा रु. ४६,७४,००६.८४।- मूल्य समायोजन रकम र सोको मू.अ.कर रु. ६०७६२०।८९ समेत मूल्य समायोजन वापत जम्मा रु. ५२,८१,६२७।७३ भुक्तानी गरेको देखिन्छ । निर्माण व्यवसायीसंग भएको खरिद सम्झौताको special conditions of contract मा निर्माण व्यवसायीलाई मूल्य समायोजन गर्न नसकिने व्यवस्था रहेतापनि पालिकाले उपरोक्त प्रावधान विपरित आई.पि.सि. १ देखि १२ सम्मको विल रकममा मूल्य समायोजन गणना गरी मूल्य समायोजन बापत भुक्तानी भएको रु. ५२,८१,६२७.७३।- निर्माण व्यवसायीवाट असुल गर्नुपर्ने रु. | |
| ४३.४ | | | **कामको गुणस्तरः** निर्माण सेवासँग भएको खरिद सम्झौताको जि.सि.सि. ३३.१ मा निर्माण कार्यमा प्रयोग भएको निर्माण सामाग्रीको गुणस्तर परीक्षण गर्न परियोजना प्रमुखले निर्माण सेवालाई आवश्यक निर्देशन दिन सक्ने र निर्माण सेवाले समेत निर्माण कार्यमा प्रयोग गरिएको सामाग्रीमा कुनै त्रुटी नभएको नमूना परीक्षणको प्रमाण कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ तर भवन निर्माण कार्यको लागत इस्टिमेट अनुसार तोकिएको श्रोत (Source)बाटै निर्माण सामाग्री ल्याई Field मा कार्य भएको र तोकिएको काममा तोकिएको परिमाण (संख्या) मा standard specification अनुसार field तथा ल्याव मा tests गरी कामको गुणस्तर यकिन गरीएको यथेष्ट प्रमाण (Test Report) लेखापरीक्षणको क्रममा देखिन आएन। specification मुताविक तोकिएको कार्य कार्यान्वयन गर्दा वा कार्य गर्दा गर्न सक्ने सबै प्रकारका Field एवं Lab tests का प्रमाण नदेखिएकोले गुणस्तरयुक्त कार्य भै तदनुरुप निर्माण कार्यको भुक्तानी भएको भन्न सकिने स्थिती रहेन। गुणस्तरयुक्त कार्य गरेको र specification मुताविक कार्य भएको प्रमाण/तथ्य पेश गरेर मात्र पालिकाले निर्माण कार्यको भुक्तानी दिनु पर्दछ। | |
| ४३.५ | | | **भनव निर्माणको कार्य सम्पन्न नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौताको अवधी भित्र पुरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाचँबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। यस प्रशासनिक भवन निर्माण कार्यको सम्पन्न गर्नुपर्ने अवधी २०७९।३।२० रहेकोमा निर्माण सेवाले २०७९।२।२७ मा ३ महिनाको म्याद थप माग गरेको भएतापनि पालिकाबाट म्याद थप भएको पाइएन। २०७९ आषाढ मसान्त सम्म निर्माण सेवाले सुरु बि.ओ.क्यू. को आइटम मध्ये (भेरिएशन र मूल्य समायोजन बाहेक) रु. ६,२३,०१,६६६.९७।- को मात्र कार्य सम्पन्न भई ८३.७७ प्रतिशत मात्र भौतिक प्रगति | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>भएको देखिन्छ। अतः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० र नियम १२१ तथा खरिद सम्झौताको शर्त बमोजिम गर्ने गरी यस प्रशासनिक भवनको निर्माण कार्य सम्पन्न गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भेरिएशनबाट थप कार्यादेश<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा गर्नुपर्ने कार्यहरु सम्बन्धमा व्यवस्था गरी १०(६) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गरी सकेपछि लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन, ड्रइङ्ग समेत जाच्न लगाई कुनै त्रुटी देखिएमा त्यस्तो सच्याउन लगाउनु पर्ने छ। त्यस्तो निकायमा माथिल्लो तहको प्राविधिक नभएमा विभागिय प्रमुखले त्यस्तो लागत अनुमान जाच्न व्यवस्था मिलाई दिनुपर्ने भन्ने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५४ मा निर्माण कार्यको ड्रइङ्ग, डिजाइन तथा स्पेशिफिकेशन आदि बदल्नु पर्ने अवस्था भई वा नभई सम्झौता मूल्यको पन्ध्र प्रतिशत देखि माथि पच्चीस प्रतिशत सम्मको भेरिएशन सम्बन्धित मन्त्रालयको सचिव वा सो सरहको सम्बन्धित निकायको प्रमुखले भेरिएशन आदेश प्राविधिक पुष्ट्याई गरी गर्न सक्ने व्यवस्था छ। आर्थिक बर्ष २०७६।७७ मा लागत अनुमान तयार गरी बोलपत्रको माध्यबाट २०७६।३।२३ मा खरिद कार्य प्रारम्भ भएको यस प्रशासनिक भवनको निम्न अनुसारको २ वटा भेरिएशन आदेश जारी गरी थप कार्यादेश दिएको पाइयो।<br><br>
<table>
<tr><th>सुरु लागत अनुमान</th><th>भेरिएशन १ को बृद्धि रकम</th><th>भेरिएशन २ को बृद्धि रकम</th><th>भेरिएशन २ पछिको संशोधित कुल लागतअनुमान</th><th>शुरूको ठेक्का अंक</th><th>भेरिएशन १ को बृद्धि रकम</th><th>भेरिएशन २ को बृद्धि रकम</th><th>भेरिएशन २ पछिको कुल ठेक्का अंक</th></tr>
<tr><td>८८८७७७७७.५९</td><td>७८४३०२३.०५</td><td>१२२८०६४९.१७</td><td>१०९००१४४९.८२</td><td>७४३७१९९७.८८</td><td>७४५६४३८.११</td><td>११००२५८२.०३</td><td>९२८३१०१८.०३</td></tr>
<tr><td>भेरिएशनबाट बृद्धि भएको प्रतिशत</td><td>८२.००%</td><td>१३.८२%</td><td>२२.८४%</td><td>०.००%</td><td>१०.०३%</td><td>१४.७९%</td><td>२४.८२%</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको ड्रइङ्ग/डिजाइन तथा लागत अनुमान तयार गरी नियम १४ बमोजिम स्वीकृत गराउनु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थितिमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएशन गर्न सक्ने व्यवस्था छ। यस नगरपालिकाको कार्यालयले निर्माण सम्बन्धित कार्यको डिजाइन को काम हण्डिक ईन्जिनियरिङ कन्सल्टेन्सीबाट सेवा लिएको देखिन्छ भने प्राबिधिक</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सुपरीवेक्षणको काम एक कन्सल्टेन्टवाट सेवा लिएको देखिन्छ। भवन निर्माण कार्यको लागत अनुमान तयार र अन्य कार्य गर्न परामर्शदाताबाट निरन्तर सेवा लिएकोमा पटक पटक गरी २४.८२ प्रतिशत लागत बढ्ने गरी भेरीएशन आदेश जारी गर्ने अवस्था सृजना भएकोले शुरूको डिजाइन र लागत अनुमान भरपर्दो छ भन्ने अवस्था देखिएन। अतः निर्माण कार्यको लागत अनुमानमा त्रुटी गर्ने परामर्शदातालाई प्रत्यक्षत कानुनी दायरामा ल्याउनु पर्दछ। | |
| ४४.२ | | | यस प्रशासनिक भवनको स्वीकृत भेरीएशन पश्चात नयाँ ठेक्का अंक रु.९,२८,३१,०१८.०३।- कायम हुने गरी शुरु ठेक्का अंक भन्दा २४.८२ प्रतिशत (रु.१,८४,५९,०२०.१५।-) लागत बढ्न गएकोमा निर्माण सेवासँग रु. ७,४३,७१,९९७।८८ मा सम्झौता हुँदा लागत अनुमानको तुलनामा १६.३२ प्रतिशत घटीमा सम्झौता भएकोमा भेरीएशन आदेश जारी पश्चात केही नयाँ आइटमको नयाँ दरमा र पुराना आइटमको पुरानो दरमा दर विश्लेषण गरी रु.१,८४,५९,०२०.१५।- को भेरिएशन स्वीकृत गरि थप कामको सम्झौता गर्दा शुरु सम्झौता अंकको तुलनामा १४.८४ प्रतिशत घटीमा मात्र सम्झौता गराएको पाइयो। शुरु ठेक्का सम्झौता हुँदा लागत अनुमानको तुलनामा निर्माण सेवासँग १६.३२ प्रतिशत घटीमा सम्झौता भएकोले भेरिएशन जारी भए पश्चात १४.८४ प्रतिशत मात्र घटेको अवस्थाले गर्दा भेरीएशनका कारणले यस पालिकालाई रु. १६,१३,२२१.४५।- बढी थप व्ययभार परेको पाइयो। Construction Industry मा प्रचलित practice अनुसार लागत अनुमानको तुलनामा जति प्रतिशत घटी वा बढीमा ठेक्का दिएको हो, सो अनुरुप नयाँ आइटमको दररेट तयार हुनुपर्नेमा बढी दररेटमा VO हुनाको कारण र औचित्य प्रस्ट हुन सकेन। बढी दररेटमा VO स्वीकृत गरेको कारण पालिकालाई रु. १६,१३,२२१.४५।- व्ययभार पारेकोमा बढी दररेटमा VO जारी गर्नुपर्ने कारण र औचित्य पेश गर्नुपर्ने साथै VO मा शिफारिस तथा स्वीकृत दिने पदाधिकारी/कर्मचारीले प्रस्ट पार्नुपर्ने रु. | १,६१३,२२१.४५ |
| ४४.३ | | | **भेररिएशन पश्चात भुक्तानी र नयाँ आइटमको भेरिएशनः** परामर्शदाताले पेश गरेको भवन निर्माण कार्यको १२ औं आई.पि.सि. सम्म कार्यालयका प्राविधिकबाट certified गरेको आधारमा पुराना आइटमको Civil works रु. ७९०७५३०.७२ र नयाँ आइटमको रु. १,०५,५१,४८९.४२।- समेत पालिकाले जम्मा रु. १,८४,५९,०२०.१४।- रकमको भेरिएशन वापत निर्माण व्यवसायीलाई भुक्तानी दिएको छ। नयाँ आइटमको भेरिएशन स्वीकृत गर्नुपूर्व दररेटको आधार पेश हुनुपर्नेमा लेखापरीक्षणको क्रममा नयाँ आइटमको दर रेट सहितको दर विश्लेषण पेश भएन। दररेटमा समेत स्पष्ट आधार नखुलेको र नयाँ दर रेटमा समेत मूल्य समायोजन दिएकोले भेरिएशन वापत भएको खर्च एकिन गर्न सकिएन। | |
| ४५ | | | **संघीय हस्तान्तरण पुँजिगततर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.१ | | | **कुरु कोल्टी खानेपानी आयोजना -** पालिकाले संघीय सरकारवाट प्राप्त बिशेष अनुदानको रकमवाट खानेपानी आयोजना निर्माण कार्यको लागि ठेक्का सम्झौट्टा गरी चन्दनाथ ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि.लाई पेश्की वापत रु. ९,३०,०००।-दिएकोमा तोकिएको समयमा निर्माण कार्य सुरु नगरेको भनि मिति ३०७९।३।३१ मा पेश्की रकम फिर्ता गरेको देखिन्छ । उक्त ठेक्का सम्झौताको फाईल लेखापरीक्षणको क्रममा पेश नभएकोले त्यस सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन । | |
| ४५.२ | | | **खानेपानी आयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने र टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस बर्ष कुरु कोल्टी खानेपानी आयोजना कार्यक्रमको लागि संघीय सरकारवाट प्राप्त बिशेष अनुदानको रकम रु. ८३ लाख वजेटवाट उक्त कार्यको लागि ठेक्का सम्झौता भई बाँकी रहेको बजेटवाट टुक्रा टुक्रा पारी रु. ५ लाख भन्दा कमको लागत अनुमान तयार गरी बिभिन्न फर्म संग निम्नानुसार निर्माण तथा खरिद कार्य सोझै खरिद गरेको देखियो। यसरी कुनै आयोजनाको लागि बिशेष अनुदानमा प्राप्त भएको बजेटवाट उक्त कार्यको लागि ठेक्का भई बजेट बाँकी रहेको अवस्थामा उक्त रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा खरिद कार्य प्रतिष्पर्धा समिति हुने गरी एउटै खानेपानी आयोजनालाई टुक्रा टुक्रा पारी सोझै खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । | |

| गो.भौ. नं. र मिति | फर्मको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ९-२०७८।११।५ | न्यु रासी ग्रिल उद्योग | जाली र पोल खरिद | ४७२६१३ |
| १४-२०७८।१२।१३ | लक्ष्मी प्लाष्ट्रिक प्रा.लि. | एच.डि.पि.पाईप खरिद ६४०० मिटर | ३३७६९३ |
| २१-२०७९।१।२६ | निश्चल निर्माण सेवा | खानेपानी संरचना निर्माण | ४९७२८५ |
| २३-२०७९।१।२६ | प्रशंसा निर्माण सेवा | खानेपानी च्याम्वर नं १ निर्माण | ४८६०५६ |
| २५-२०७९।१।२६ | चन्दनाथ निर्माण सेवा | खानेपानी च्याम्वर नं २ निर्माण | ४८८५९९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२७-२०७९।१।२६</td><td>मष्टा निर्माण सेवा</td><td>खानेपानी च्याम्वर नं ३ निर्माण</td><td>४४४४२६</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२७२६६७२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४५.३</td><td></td><td></td><td>खरिद भएको निर्माण सामाग्रि जडान- कुरु कोल्टी खानेपानी आयोजनाको निर्माणको लागि खरिद भएको निम्नानुसार निर्माण सामाग्रि आयोजनामा जडान गरेको प्राबिधिक पुष्ट्याई सहितको प्रतिवेदन पेश नभएकोले सम्वन्धितलाई जिम्मेवार वनाई उक्त प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>फर्मको नाम</td><td>कामको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td rowspan="2">९-२०७८।११।५</td><td rowspan="2">न्यु रासी ग्रिल उद्योग</td><td>जाली १२४८ केजी</td><td rowspan="2">४७२६१३</td></tr>
<tr><td>एंगल पोल १७५३ केजी</td></tr>
<tr><td>१४-२०७८।१२।१३</td><td>लक्ष्मी प्लाष्ट्रिक प्रा.लि.</td><td>एच.डि.पि.पाईप खरिद ६४०० मिटर</td><td>३३७६९३</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८१०३०६</td></tr>
</table>
</td><td>८१०,३०६</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदन पेश नभएको<br><br>शिक्षा तथा मानव स्रोत बिकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा बिद्यालयको लागि भौतिक निर्माणको अनुदान दिदा कार्य सम्पन्न गरेपश्चात नापी किताव भरी कार्य सम्पन्न प्रतिवेदन समेत तयार गरी अन्तिम किस्ताको रकम भुक्तानी गर्ने उल्लेख छ । तर राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत बिद्यालयको भौतिक पुर्वाधार निर्माण कार्यको लागि पालिकाले निम्नानुसार बिद्यालयलाई सम्झौता बमोजिम भवन निर्माण कार्य सम्पन्न नभएको अवस्थामा शिक्षा तथा मानव स्रोत बिकास केन्द्रको मिति २०७९।३।१७ को पत्र अनुसार सम्वन्धित बिद्यालयलाई निकासा पठाएको देखिन्छ भने पालिकाले भवन निर्माण कार्यको लागि ४</td><td>९,०००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>वटा बिद्यालयलाई दिएको पेश्की रकम समेत निर्माण कार्यको नापी, विल र प्राविधिकको मुल्याङ्कन तथा सिफारिस वेगर नै पेश्की फस्योंट गरेको देखिन्छ । बिद्यालयलाई निकासा भएको रकम (पेश्की फस्योंट रकम समेत) को भवन निर्माण कार्य लेखापरीक्षण अवधि सम्म सम्पन्न भएको प्रतिवेदन पेश नभएकोले पालिकाले अनुगमन गरी तोकिएको निर्माण कार्य सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.<br>
<table>
<tr><th>बिद्यालयको नाम</th><th>भवनको किसिम</th><th>पेश्की उपलव्ध गराएको रकम</th><th>असारमा निकासा पठाएको रकम</th><th>जम्मा निकासा पठाएको रकम</th></tr>
<tr><td>मदन आश्रित मा.वि.</td><td>२ कोठे</td><td>८०००००</td><td>१००००००</td><td>१८०००००</td></tr>
<tr><td>घटाल आ.बि.</td><td>२ कोठे</td><td>६०००००</td><td>१२०००००</td><td>१८०००००</td></tr>
<tr><td>कैलाश आ.बी.</td><td>२ कोठे</td><td>६०००००</td><td>१२०००००</td><td>१८०००००</td></tr>
<tr><td>हिमाली आ.बी.</td><td>४ कोठे</td><td>१२०००००</td><td>२४०००००</td><td>३६०००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>तटवन्धन निर्माण कार्य<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नयम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले गरेको निर्माण कार्यको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने कागजात उपभोक्ता समितिको बैठकवाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष बडिगाढ जलबिद्युत तटवन्धन निर्माण कार्यको लागि रु. ३६,००,४१९।- मा कार्य सम्पन्न गर्ने</td><td>१,४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरी सम्झौता गरेकोमा रु. १७,४९,६२५।- मात्र को कार्य सम्पन्न मुल्याङ्कन गरी पालिकावाट वाट रु. १४,००,०००।-भुक्तानी भएको छ । कार्य सम्पन्नन मुल्याङ्कनमा १६२ वटा ग्याविन बक्स भरेको समेत जम्मा रु. १६,८५,६६९।- भुक्तानी गरेकोमा उपभोक्ता समितिले पेश गरेको विल भरपाईमा ग्याविन बक्स खरिद गरेको विल पेश भएको छैन । यसरी ग्याविन बक्स खरिद गरेको विल वेगर १६२ ग्याविन जालि भरेको रकम भुक्तानी दिएकोले उक्त ग्याविन बक्सको खरिद विल, उक्त कार्य सम्पन्न भएको अनुगमन टोलिको प्राविधिक पुस्ट्याई र फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु. | |
| ४८ | | | **सव कन्ट्याक्टरबाट काम गराएको**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । पालिकाले रु. ७२,२२,७२४।- को लागत अनुमान भएको कुगाड हरसाली सडक सतरोन्नती कार्यको लागि उपभोक्ता समिति संग पालिकाले रु. ६०,००,०००।- भुक्तानी दिने गरी सम्झौता गरी रु. ५८,४९,२५१।- को कार्य सम्पन्न मुल्याङ्कन भई रु. ४४,९२,३००।- भुक्तानी भएको देखियो । उपभोक्ता समितिले कार्य सम्पन्न रकम मध्ये रु. ३८,५१,७८७।- चन्दनाथ निर्माण सेवा एण्ड सप्लायर्सवाट कार्य गराई उक्त निर्माण सेवालाई भुक्तानी दिएको देखिन्छ । यसरी पालिकाले लागत अनुमान तयार गर्ने वेला नै मानिस र मेसिनको प्रयोग गर्ने गरी दर निर्धारण गरी सोही बमोजिम सम्झौता गरी उपभोक्ता समितिले निर्माण व्यवसयीवाट कार्य गराएको देखिन्छ । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ । | |
| ४९ | | | **उपभोक्ता समितिलाई पेश्की**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा उपभोक्ता समितिसँग भएको खरिद सम्झौतामा सार्वजनिक निकायले उपभोक्ता समितिलाई उपलव्ध गराईने पेश्की रकम उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिसँग गरेको सम्झौतामा पेश्की रकम उपलव्ध गराउने सम्वन्धमा कुनै पनि कुरा उल्लेख नभएको अवस्थामा उपभोक्ता समितिलाई निम्नुसार पेश्की उपलव्ध गराएको देखियो। पालिकाले ऐन नियममा भएको व्यवस्थाको पालना गरी उपभोक्ता समितिलाई पेश्की उपलव्ध गराउने कार्यको नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>उपभोक्ता समितिको नाम</td><td>पेश्की रकम</td></tr>
<tr><td>३१-२०७९।२।१०</td><td>बडिगाढ लघु जबिद्युत तटवन्धन निर्माण कार्य</td><td>१००००००</td></tr>
<tr><td>३०-२०७९।१।२७</td><td>कुऊड हरसाली सडक स्तरोन्नती कार्य</td><td>२००००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३००००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>अधुरो निर्माण कार्य<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम सम्झौता अवधी भित्र पुरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाचँबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। पालिका अन्तर्गत आर्थिक वर्ष २०७८।७९ मा भएको कोल्टी कुरु धौली हुदै छाप्रे सम्मको पदमार्ग तथा अतिथी गृह निर्माण कार्य २०७९।३।२८ मा सम्पन्न गर्ने गरी उषा कन्स्ट्रक्सनसंग संग रु. १,३६,२५,२६८।- मा सम्झौता गभएकोमा यस बर्ष रु. ६८,१०,५७०।- भुक्तानी भएको छ । निर्माण कार्यको निर्माण सम्पन्न गर्ने अवधि २०७९।३।२८ उल्लेख भएकोमा २०७९ आषाढ मसान्त सम्म भौतिक प्रगति ४९.९८ मत्र भै निर्माण कार्य अधुरै रहेको छ भने निर्माण व्यवसायीले म्याद थपको निवेदन समेत नदिएको कारण म्याद थप भएको छैन। सम्झौता अनुसार सम्पन्न गर्नुपर्ने अवधिमा प्रगति न्यून रहेको, निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन नदिएको कारण पालिकाबाट म्याद थप नभएको देखिन्छ । निर्माण व्यवसायिकै लापरवाहीको कारण निर्माण कार्य अधुरो रहेका देखिएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ र १२८ तथा खरिद सम्झौताको शर्त बमोजिम कार्य सम्पन्न गराउनु पर्दछ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>परामर्श सेवा खरिद</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१.१</td><td></td><td></td><td>
परामर्श सेवा : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी गर्न नहुने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा २० लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा ऐनको दफा ६(क) बमोजिम मौजुदा सुचिमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था छ। प्रस्ताव माग गर्दा सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद गर्दा बढीमा ३ वटा कोटेसन माग गरी निम्नानुसारको परामर्श सेवा खरिद गरेको छ
<table>
<tr><td>गो.भौ. नं. र मिति</td><td>परामर्शदाताको नाम</td><td>परामर्श वाको विवरण</td><td>भुक्तानी रकम</td></tr>
<tr><td colspan="4">पालिका चालुतर्फ</td></tr>
<tr><td>१३३-०७८।९।१६</td><td>ईन्जिनियर्स वल्ड प्रा.लि.</td><td>सडकको डि.पि.आर</td><td>१०१९२६०</td></tr>
<tr><td>१३४-०७८।९।१९</td><td>त्रिशुल कन्सल्ट प्रा.लि.</td><td>सडकको डि.पि.आर</td><td>४६९०४०</td></tr>
<tr><td>१३४-०७८।९।१९</td><td>स्वदेशी ईन्जिनियरिङ कन्सल्टेन्सी</td><td>सडकको डि.पि.आर</td><td>१३७०८८७</td></tr>
<tr><td>१६३÷०७८।१०।५</td><td>चन्दनाथ ईन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन</td><td>नक्सा पास आधारभुत मापदण्ड तयार</td><td>४८०२५०</td></tr>
<tr><td>२७५-०७८।१२।२०</td><td>रेक्टर ईन्जिनियरिङ कन्सर्न</td><td>कभर्डहलको डि.पि.आर</td><td>४६८८१९</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३३८-०७९।३।१</td><td>घर डिजाईन नेपाल</td><td>४ नं वडाको भवनको डि.पि.आर</td><td>४०००००</td></tr><tr><td colspan="3">जम्मा</td><td>४२०८२५६</td></tr></table>परामर्श सेवा खरिदका सम्वन्धमा देखिएका व्यहोराहरु निम्नुसार छन ।</td><td></td></tr>
<tr><td>५१.२</td><td></td><td></td><td>लागत अनुमान- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य कार्य गर्ने निकायले तयार गरेको नर्म्सलाई आधार लिई लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस बर्ष परामर्श सेवा खरिद वापत रु. ४२,०८,२५६।- भुक्तानी गरेकोमा परामर्श सेवाको नर्म्स स्वीकृत गरेको छैन भने लागत अनुमान तयार गर्दा गत बिगत बर्षको नर्म्स र अन्य निकायको सोही प्रकृतिको कामको नर्म्सलाई समेत आधार लिएको देखिएन । यसरी पालिकाको नर्म्स स्वीकृत नभएको अवस्थामा लागत अनुमान तयार गर्दा अन्य निकायले तयार गरेको नर्म्स प्रयोग गरेको खुल्ने स्पस्ट प्रमाण संलग्न नभएकोले पालिकाले तयार गरेको लागत अनुमान यथार्थ र मितव्ययी छ भन्न सक्ने अवस्था देखिएन । पालिकाले स्वीकृत नर्म्स अनुसार लागत अनुमान तयार गरी खरिद कार्य मितव्ययी र प्रतिष्पर्धी वनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१.३</td><td></td><td></td><td>कार्यस्वीकार तथा दाखिला प्रतिवेदन - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले प्राप्त भएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने र प्रतिवेदन तयार भएपछि आवाश्यक प्रक्रिया पुरा गरी भुक्तानीका लागी सम्वन्धित आर्थिक प्रशासन शाखामा पठाउनु पर्ने व्यवस्था छ । पलिकाले यस बर्ष बिभिन्न परामर्शदातासंग सम्झौता गरी डि.पि.आर. तयारी कार्य गराएकोमा उक्त कार्यको कार्यस्वीकार प्रतिवेदन तयार गरेको देखिएन । त्यस्तै पालिकामा प्राप्त भएको डिपिआर जिन्सी दाखिला गर्नुपर्ने दाखिला गरेको समेत देखिएन । यसरी पालिकाले सम्झौता गरी खरिद गरेको परामर्स सेवाको कार्य स्वीकार नगर्दा उक्त खरिद कार्य सम्झौता बमोजिम भए नभएको एकिन नहुने हुँदा पालिकाले ऐन नियममा भएको व्यवस्था बमोजिम कार्यस्वीकार प्रतिवेदन तयार गर्नुका साथै डि.पि.आर.प्रतिवेदन जिन्सी दाखिला गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१.४</td><td></td><td></td><td>पालिकाको जनशक्तिको उपयोग नगरेको- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका आफ्नै जनशक्तिवाट हुने कामको लागि परामर्श सेवा लिन नहुने उल्लेख छ । पालिकाले उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र प्रतिष्पर्धाको</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>माध्यमवाट परामर्श सेवा खरिद गनुपर्नेमा पालिकामा कार्यरत जनशक्तिवाट उक्त कार्य हुन नसक्ने स्पष्ट कारण वेगर परामर्श सेवाको खरिद गरेको देखियो । पालिकाले कार्यालयको जनशक्तीवाट कार्य हुन नसक्ने अवस्थामा मात्र परामर्शदाता संग खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>पेशागत दायित्वको बिमा नगरेको -<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्यावलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८२(७) मा उल्लेख छ । पालिकाले परामर्श सेवा सम्वन्धी कार्यका लागि सम्झौता गरी रु. ४२,०८,२५६।- रकम भुक्तानी गरेकोमा परामर्श सेवा कार्यको ऐन नियममा भएको व्यवस्था बमोजिम पेशागत दायित्व विमा गराएको देखिएन । पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>पेश्की बाँकी<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्ने र सोही नियमावलीको नियम ५२ मा फस्यौंट हुन बाकी पेश्कीलाई लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नु पर्ने उल्लेख छ । पालिकाले गत बर्ष दिएको निम्नानुसारको म्याद नाघेको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फस्यौंट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।<table>
<tr><th>सि नं</th><th>पेश्की लिनेको विवरण</th><th>पेश्की रकम</th></tr>
<tr><td>1</td><td>के.एन.के. ईन्जिनियरिङ</td><td>२४८०००</td></tr>
<tr><td>2</td><td>कम्युनीटी रिसोर्ट प्रा.लि.</td><td>५५००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७९८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कोभिड १९ खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पालिकाले कोभिड १९ महामारी नियन्त्रण तथा व्यवस्थापनको लागि छुटैं खाता खोली उक्त खातामा विभिन्न निकायबाट प्राप्त आम्दानी र पालिकावाट विनियोजित रकमको छुट्टै लेखा राखी सोबाट खर्च गर्नुपर्नेमा चालु खर्चबाट कोरोना सम्बन्धी खर्च लेखेको देखिएता पनि कोरोना १९ को लागि भएको खर्चको अभिलेख नराखेको र लेखापरीक्षणको क्रममा कोभिड १९ सम्वन्धि खर्चको आय व्ययको विवरण माग गर्दा प्राप्त नभएकोले उक्त खर्चको सम्वन्धमा थप बिश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>अनुगमन र सम्परीक्षण: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको निम्नानुसार बेरुजू फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरिएकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ ।
<table>
<tr><th>आर्थिक बर्ष</th><th>बेरुजुको दफा नं.</th><th>बेरुजुको संक्षिप्त व्यहोरा</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>२०७५।७६</td><td>५१</td><td>बढी भुक्तानी भएको रकम असुल भई राजस्व दाखिला भएको</td><td>५८०३५६</td><td>असुली</td></tr>
<tr><td>२०७५।७६</td><td>६१</td><td>थोदुङ एचटिसी जेभीको मोविलाईजेसन पेश्की रु. १,३०,००,०००।- मध्ये रु. ५०,७५,७३१।१८ फछ्र्यौट भएको प्रमाण पेश भएको</td><td>५०७५७३१</td><td>मोविलाईजेसन पेश्की</td></tr>
<tr><td>२०७६।७७</td><td>९३</td><td>बाँकी रकम संघीय संचितकोषमा फिर्ता गरेको प्रमाण पेश भएको</td><td>२०८८००</td><td>प्रमाण</td></tr>
<tr><td>२०७७।७८</td><td>९४</td><td>विल भरपाई पेश भएको</td><td>४३०००</td><td>प्रमाण</td></tr>
<tr><td>२०७४।७५</td><td>२६</td><td>निम्नानुसार पदाधिकारीको बेरुजु असुल भई राजस्व दाखिला गरेको
<table>
<tr><th>नाम</th><th>रकम</th></tr>
<tr><td>कृष्णराज पाध्या</td><td>१२७५</td></tr>
</table></td><td>७६५०</td><td>असुली</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | अम्विका वोहरा – १२७५<br>बुँची कामी – १२७५<br>नन्दाला सार्की – १२७५<br>साईमले ल्वार – १२७५<br>बंकंगल वहादुर थापा – १२७५ | | |
| २०७४।७५ | २८ | निम्नानुसार पदाधिकारीको बेरुजु असुल भई राजस्व दाखिला गरेको<br><br>नाम – रकम<br>रण बहादुर कार्की – १२७५<br>मदना ल्वार – १२७५<br>जंग कुमार गिरी – १२७५<br>साउनी सार्की – १२७५<br>नन्दलाल साहानी – १२७५<br>बंचु साहानी – १२७५ | ७६५० | असुली |
| २०७४।७५ | १६ | निम्नानुसार पदाधिकारीको बेरुजु असुल भई राजस्व दाखिला गरेको<br><br>नाम – रकम<br>पदम कुमार गिरी – २८४००<br>सृष्टि रेग्मी – १२३०० | ४०७०० | असुली |
| **जम्मा** | | | **५९,६३,८८७** | |